# बन्दिपुर गाँउपालिकाको एकिकृत विकास रणनीति योजना

बि.सं.२०७५-२०९५

**Integrated Development Strategy Plan of Bandipur Rural Municipality**



## बन्दिपुर गाँउपालिकाको कार्यालय

बन्दिपुर गाँउपालिका, तनहुँ

गण्डकी प्रदेश, नेपाल

मंसिर २०७५

**बन्दिपुर गाऊँपालिकाको एकिकृत विकास रणनीति योजना**

२०७५-२०९५

**तयारपार्नेः** बन्दिपुर गाँऊपालिकाको कार्यालय

बन्दिपुर, तनहुँ, नेपाल

फोन नं. ०६५ ५२०१२३

इमेलः bandipurmunicipality@gmail.com

वेबसाइट : www.bandipurmun.gov.np

**प्रकाशकः** बन्दिपुर गाऊँपालिकाको कार्यालय, बन्दिपुर तनहुँ, गण्डकी प्रदेश, नेपाल

**सर्वाधिकार @** बन्दिपुर गाऊँपालिका

**प्राविधिक सहयोगः**

ब्रोडभिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक प्रा.लि.

तिनकुने, काठमाण्डौ ।
फोन नं. ९८४१८४७६७७
E-mail: brovis05@gmail.com

## प्राक्कथन

राज्यको पुर्नसंरचनालाई नेपालको संविधान २०७२ ले मुल ध्येयका रुपमा लिएको छ। संविधानले तिन तहका निकायहरुका वीच अधिकारको वाँडफाँड, स्वायत्तता र समन्वयमा आधारित शासन प्रणालीलाई राज्य व्यवस्था संचालनको निर्देश समेत गरेको छ। राज्यको पुर्नसंरचना पछि स्थापित गाऊँपालिकाका आफ्ना काम, कर्तव्य र अधिकारलाई देख्न सकिने प्रतिफल हासिल गर्न सकिने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्दा र योजनागत तहमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउन एकिकृत विकास रणनीति पत्र तयार गरिएको हो । एकिकृत रणनीतिक योजनाको तयारीले सरकारी नीतिवाट ठहर गरेका क्षेत्रहरुलाई तथ्य र तथ्यांकमा आधारित र औचित्यता सहितको वृहत एवं एकिकृत गुरु योजना निर्माण गर्न सहयोग गर्ने छ । त्यसैगरी एकिकृत रणनीतिक योजना पत्रले सिंगो गाऊँपालिकाको आगामी विकास घोषणा पत्र (मेनुफेष्टो) का रुपमा दिर्घकालिन अवधारण निर्माण गर्न सक्ने छ । गाऊँपालिकाको नेतृत्व तहबाट परिकल्पना गरिएका विकास र संबृद्धिका दृष्टिकोण (सपना) लाई सिलसिलेवर रुपमा अभिलेखन गरिएको विकास रणनीतिक पत्र गाँऊपालिकाको विकासको लागि एक मार्गदर्शक दस्तावेज हुने छ ।

ब्रोड भिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक (प्रा.लि.) विगत डेढ दशक देखि विकास र संबृद्धिको अध्ययन अनुसन्धानमा संलग्न रहेको संस्था हो । यसै क्रममा बन्दिपुर गाऊँपालिकाका लागि ब्रोड भिजनले आफ्नो विज्ञता परिचालन गरी नगरपालिकाको परिकल्पनालाई कार्यक्रम तथा योजनाको ढाँचामा अभिलेखन गरेको छ । मुख्यरुपमा गाऊँपालिकाले लगानी गर्ने क्षेत्रहरुको खाका तयार गर्दै अर्न्तराष्ट्रिय मान्यता अनुसार तथ्यांकको व्यवस्थापन गर्न सकिने गरी रणनीति तयार गरिएको छ। अर्न्तराष्ट्रिय मान्यता र नेपाल सरकारले जारी गरेको निर्देशनलाई समेत मिलान गरी दशवटा बृहत विषयगत क्षेत्र निर्धारण गरी नीतिगत, कार्यक्रमगत र संरचनागत योजना निर्माण गरी कार्यान्वयनका एवं अनुगमन तथा मूल्याकन हेतु सूचकहरु तयार गरिएको छ । विकास रणनीति पत्र तयार गर्नका लागि आफ्नो परिकल्पना, नागरिकसंग गरिएको प्रतिवद्धता र गाऊँपालिकाको सबृद्धिको रोडम्याप राख्नु हुने प्रमुख पुर्णसिं थापाज्यू प्रति विशेष आभार प्रकट गर्दछौ । रणनीतिक पत्र तयारीको शिलशिलामा विभिन्न चरणमा आफ्नो अनुभव र ज्ञानले रणनीतिक योजना तयारी टोलीलाई सहयोग पुऱ्याउनु हुने दिर्घकालिन योजना निर्माण समितिका संयोजक श्री हेमराज लामिछाने ( क्षितिज) र सदस्यज्युहरु, गाँऊपालिकाकी उपप्रमुख करुणा गुरुङ्गज्यु र प्रशासकिय अधिकृत श्री सुकदेव लम्सालज्यूहरु प्रति धन्यवाद व्यक्त गर्दछौं । विभिन्न समितिमा रही आफ्ना अमूल्य सुझाव दिनु हुने सवै छ वटा वडाका वडाध्यक्षहरु श्री भानुभक्त पोखेलज्यु वडा नं. १, श्री कृष्ण प्रसाद लामिछानेज्यु वडा नं. २, श्री हस्त वहादुर जी.सि.ज्यु वडा नं. ३, श्री हरेराम थापाज्यु वडा नं. ४, श्री ध्रुव प्रसाद लामिछानेज्यु वडा नं. ५ र श्री सन्त वहादुर गुरुङ्गज्यु वडा नं. ६ हरुका महत्वपूर्ण सुझावहरुको लागि विशेष धन्यवाद छ।

साथै, गाऊपालिकामा कार्यरत योजना शाखा प्रमुख तथा गुरुयोजना समितिका सदस्य सचिव श्री पुष्प खनालज्यु तथा शाखा प्रमुखहरु र अन्य कर्मचारीहरु विशेष धन्यवादका पात्र छन् । उहाँहरु सम्पूर्णको सहयोग र संलग्नताबाट मात्र यो कार्य संभव हुन सकेको हो । अन्तमा आफ्ना अमूल्य सुझाव र सल्लाह दिनु हुने सबै वुद्धिजीविहरु प्रति आभार व्यक्त गर्दछौ ।

धन्यवाद ।

ब्रोड भिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक (प्रा) लि.

# विषय सूचि


**गाऊँपालिका प्रमुखको मन्तव्य** ........ Error! Bookmark not defined.

**प्राक्कथन** ........ **3**

**विषय सूचि** ........ **4**

**छोटकरीरुप (Abbreviation)** ........ **7**

**खण्ड एकः परिचय (Introduction)** ........ **8**

*१.१ पृष्ठभूमि (Background)* ........ *8*

१.१.१ सन्दर्भ **(Context)** ........ 8

१.१.२ सामाजिक आर्थिक प्रणालीमा आएको परिवर्तन **(Changes in Social and Economic Areana)** ........ 9

१.१.३ राष्ट्रिय विकासको कार्यदिशा **(National Development Paradigm)** ........ 9

*१.२ बन्दिपुरको संक्षिप्त परिचय (Brief Introduction of the Bandipur)* ........ *10*

१.२.१ परिचय **(Introduction)** ........ 10

१.२.२ गाऊँपालिकाको ऐतिहासिकता **(Historical Importance)** ........ 10

१.२.३ बन्दिपुरको भौगोलिक अवस्थिति **(Geographical Location of Bandipur)** ........ 11

१.२.४ गाऊँपालिकाको प्रशासनिक विभाजन **(Administrative Division)** ........ 11

१.२.५ जनसांख्यिक एवं सामाजिक अवस्था **(Demographic and Social Situation)** ........ 13

*१.३ बन्दिपुरको आन्तरिक क्षमता (Internal Potentiality of Bandipur)* ........ *15*

१.३.१ आर्थिक तथा स्रोतसाधनको अवस्था **(Situation of Economic and Resources)** ........ 15

१.३.२ भौतिक पूर्वाधारको अवस्था **(Situation of Infrastructure)** ........ 15

१.३.३ संस्थागत संरचना क्षमताको अवस्था **(Capacity of Institutional Structure)** ........ 16

**खण्ड दुईः रणनीतिक पत्रको आधार र औचित्य (Basis and Rational of Strategic Paper)** ........ **20**

*२.१ रणनीतिक योजनाको आधार (Basis of Strategic Paper)* ........ *20*

२.१.१ नीतिगत र कानुनी आधार **(Legal and Policy Basis)** ........ 20

*२.२ रणनीतिक पत्रको सैद्धान्तिक आधार (Theositical Basis of Strategic Plan)* ........ *21*

२.२.१ समाजवाद् उन्मुख आर्थिक विकास **(Socialist Oriented Economic Development)** ........ 21

२.२.२ सुशासन र सार्वजनिक उत्तरदायित्व **(Good Governance and Social Responsibility)** ........ 22

२.२.३ विकासका आयामहरुको प्रवर्धन **(Promotion of Contemporary Development Paradigm)** ........ 22

**खण्ड तीनः रणनीतिक योजना तर्जुमा विधि (Methodology of Strategic Paper Development)** ........ **23**

*३.१ सन्दर्भ सामाग्री, योजना र प्रतिवेदनको पुनरावलोकन (Review of Reference Materials, Planning and Reports)* ........ *23*

३.१.१ सन्दर्भ सामाग्री अध्ययन **(Study of Reference Materials)** ........ 23

३.१.२ बन्दिपुर गाँऊपालिकाको योजना र प्रतिवेदनको पुनरावलोकन **(Review of Planning and Reports of Bandipur Rural Municipality)** 23

*३.२ सरोकारवाला र स्थानीय राजनीतिक नेतृत्वसंग अन्तरक्रिया (Interaction with Stakeholders and Local Political Leadership)* 24

३.२.१ क्षेत्रगत आवधिक योजनाको लेखाजोखा **(Assessment of Sectoral Periodic Plan)** 24

३.२.२ विज्ञ तथा सामुदायिक नेतृत्वसंग अन्तरक्रिया **(Interaction with Local Leadership and Experts)** 24

३.२.३ निर्वाचित जनप्रतिनिधि, विषयगत समिति र कर्मचारी वर्गसंग अर्न्तक्रिया **(Interaction with Elected Leadership, Thematice Committee and Staffs)** 24

*३.२ प्रस्तुति र पृष्टपोषण (Presentation and Feedback)* 25

**खण्ड चारः विकास रणनीति (Development Strategy)** **26**

*४.१ दुरदृष्टि, ध्येय, लक्ष्य* 26

*४.२. रणनीतिका निर्देशक सिद्धान्त ( Directive Principals of Strategy)* 26

*४.३ परिवर्तनको सिद्धान्त (Theory of Change)* 27

**खण्ड पाँचः रणनीतिक क्षेत्र, योजना र कार्यक्रम (Strategic Sector, Plan and Program)** **29**

**५.१ रणनीतिक क्षेत्र र सूचकहरु (Strategic Sectors and Outcome Indicators)** **29**

५.१.१ संस्थागत विकास र सार्वजनिक सेवा **(Institutional Development and Responsive Public Service)** 29

५.१.२. दिगो कृषि विकास र प्राकृतिक स्रोत साधनको व्यवस्थापन **(Sustainable Agriculture Development and Natural Resources Management)** 29

५.१.३. मापदण्ड अनुरुप भौतिक पूर्वाधारको विकास **(Standard Based Physical Infrastructure Development)** 30

५.१.४ नीजि, सहकारी र सार्वजनिक साझेदारितामा स्वच्छ र सफा वस्ति विकास **(Public Private Cooperative Partnership for Clean, Safe Settlement Development)** 30

५.१.५ स्वस्थ्य शरिर, दीर्घ जीवन **(Healthly Body, Long Life)** 30

५.१.६ सबैको लागि शिक्षा, युवाका लागि प्रविधि र जीवन उपयोगी सीप **(Education for All, Technology for Youth and Better Life Option Skills for Adolescents)** 31

५.१.७. पर्यावरण सन्तुलन, सिमसार र जलाधार क्षेत्र संरक्षण र विस्तार **(Ecological Balance, Wetland and Riverbasin Protection and Conservation)** 31

५.१.८. सामाजिक सुरक्षा संयन्त्र **(Social Safety Net)** 31

*५.२ क्षेत्रगत योजना र कार्यक्रम (Sectoral Planning and Program)* 32

५.२.१ सार्वजनिक सेवा **(Public Service)** 32

५.२.२ आर्थिक विकास क्षेत्र **(Economic Development Sector)** 32

५.२.३ भौतिक पूर्वाधार तथा यातायात विकास **(Physical Infrastructure and Transportation Development)** 33

५.२.४ वस्ती विकास र व्यवस्थापन **(Housing and Community Amenities)** 33

५.२.५ भू-उपयोगका नीति **( Land Use Policy)** 34

५.२.६ स्वास्थ्य **(Health)** 34

५.२.७ शिक्षा **(Education)** 34

५.२.८ वातावरणीय संरक्षण र विपद् व्यवस्थापन **(Environmental Protection and Disaster Management)**................35
५.२.९ खेलकुद, मनोरंजन, सूचना, संचार, प्रविधि र सांस्कृतिक विकास **(Sports, Entertainment, Information, Communication, Technology and Culture Development)**.................................................35
५.२.१० सामाजिक सुरक्षा क्षेत्र **(Social Security Sector)**.................................................35

**खण्ड छ: अनुगमन, मूल्यांकन र सूचाँक (Monitoring, Evaluation and Indicators).........................................36**

*६.१ वित्त व्यस्थापन र परिचालन रणनीति **(Financial Management and Mobilization Strategy)**.........................36*

*६.२ अनुगमन मूल्याँकन मापदण्डहरु **(Standerds of Monitoring and Evaluation)**.........................36*

*अनुसूचि खण्ड **(Annex)**.........................................................................37*

अनुसूचि १. बन्दिपपुर गाउँपालिकाको केही तथ्यांकीय तालिकाहरु...................... **Error! Bookmark not defined.**
अनुसूचि २. रणनीतिक योजना तर्जुमा प्रक्रियामा संलग्न सहभागीहरु...........................................37

## संक्षिप्त शब्दावली (Abbreviation)

| | |
|---|---|
| गा.पा. | गाऊँपालिका |
| मि. | मिटर |
| कि.मि. | किलो मिटर |
| लि. | लिटर |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यामिक विद्यालय |

| | |
|---|---|
| CBS | Central Bureau of Statstics |
| COFOG | Classification of Functions of Government |

# खण्ड एकः परिचय (Introduction)

## १.१ पृष्ठभूमि (Background)

सामाजिक न्याय, समतामुलक समाज, लोकतन्त्र, मानव अधिकार, राजनीतिक स्थायित्व, स्थीर सरकार र संवृद्धिको चाहनामा नेपालले सातदशकसम्म राजनीतिक तथा सामाजिक आन्दोलन, सशस्त्र संघर्ष र हजारौंको संख्यामा वलिदानीपूर्ण समयहरु व्योहोर्नु पऱ्यो । ऐतिहासिक संविधान सभा मार्फत निर्माण भएको नेपालको संविधान २०७२, स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन पश्चात कार्यान्वयनको दोस्रो चरणमा प्रवेश गरेको छ । संविधान अन्तरगत रहेर हरेक तहका सरकारले कानुन निर्माण, नीति तथा योजना निर्माण, संस्थागत संरचना विकास र सुशासनको क्षेत्रमा दीर्घकालीन योजना तयारी गर्दै विकासका योजना तथा कार्यक्रमहरु तयार पार्ने कार्य शुरु भएको छ । यस सन्दर्भमा स्थानीय सरकारको चासो संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको दीर्घकालीन विकासको रणनीतिक योजना निर्माणमा गरिएको छ ।

राज्यका निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाले गर्ने विकासका योजनाहरुलाई केन्द्रित गर्न वाञ्छनीय देखिएकोले बन्दिपुर गाउँपालिकाले एकिकृत विकास गुरुयोजना निर्माण गर्न लागेको छ । एकिकृत विकास गुरुयोजना निर्माण गर्नु पूर्व गाउँपालिलकाको विकासको अवधारणा तथा रणनीति के हुने? भन्ने स्पष्ट हुनु पर्ने र गाउँपालिकाले दीर्घकालीन रुपमा कस्तो र कुन कुन क्षेत्रमा के कस्ता विकासका सम्भवना छन्, ती संभावनाहरुलाई अध्ययन गर्न आवश्यक हुन्छ । त्यसको लागि पनि सर्वप्रथम गाउँपालिकाको रणनीतिक विकास अवधारण तयारपारी रणनीतिक क्षेत्रहरुलाई समेटी विस्तृत योजना निर्माण गर्दा बढी वैज्ञानिक र मापनयोग्य हुने भएको हुँदा बन्दिपुर गाउँपालिकाको एकिकृत विकास रणनीतिक योजना तयार पारिएको हो ।

### १.१.१ सन्दर्भ (Context)

संवैधानिक व्यवस्था अनुसार स्थापित संघीयताको मर्म स्वरुप ७५३ स्थानीय सरकार, ७ प्रदेश सरकार र संघीय सरकारहरु आर्थिक सामाजिक विकास र सुशासन कायम गर्न पूर्णरुपमा स्वतन्त्र छन् । राज्यले निर्माण गर्ने विकासका कार्यक्रमले सिमान्तकृत समुदायलाई मूलधारमा ल्याउनु, दिगो आर्थिक विकास हासिल गर्नु, वातावरणीय सन्तुलन कायम गर्नु र नागरिक सुरक्षामा स्थानीय सरकारलाई जिम्मेवार हुन प्रेरित गर्दै समग्र राष्ट्रको संमद्धि हासिल गर्ने लक्ष्य सहितका कार्यक्रमलाई प्राथमिकता प्रदान गरेको छ । संविधानले संघीय शासन प्रणाली अन्तरगत तीनै तहका सरकारको आ–आफ्ना स्वायत्त र साझा अधिकार क्षेत्रहरुको स्पष्ट व्यवस्था गरिएको छ । जस अनुसार गाँऊपालिकाले आफ्नो विकास र समृद्धिको लागि संघीय र प्रदेश सरकारसंग समन्वय गर्दै, स्थानीय सरकारको अन्तरनिहित अधिकारको प्रयोग गर्न स्वतन्त्र छ ।

राज्यको निर्देशक सिद्धान्तका आधारमा सरकारले निर्माण गरेको आवधिक योजना, नीति तथा कार्यक्रमहरु समाजवाद उन्मुख अर्थतन्त्र स्थापनार्थ केन्द्रित रहेका छन् । जस अनुसार नीजि, सहकारी र सार्वजनिक तीन खम्वे अर्थनीतिलाई राष्ट्रिय विकासको कार्यदिशाका रुपमा ग्रहण गरेको छ । साथै दिगोविकास र सामाजिक न्यायको आधारमा समृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । संविधान भित्र रहेर कानुन तथा नीतिको निर्माण, आर्थिक स्रोतको व्यवस्था, स्थानीय आवश्यकता अनुरुपका विकास योजना तर्जुमा गर्ने अधिकार राख्दछ । यसै

सन्दर्भमा बन्दिपुर गाऊँपालिकाले एकिकृत विकासको गुरुयोजना तर्जुमा गर्न लागेको सर्न्दभमा गुरुयोजनाको अभिन्न अंगको रुपमा विकास रणनीतिक योजना गरिएको हो ।

यस योजनाले गाँऊपालिकाको दिर्घकालिन परिकल्पना, ध्येय, लक्ष्य, विकासका रणनीतिक दिशा तथा क्षेत्रगत विकास पहिचान गरेको छ । रणनीतिक पत्रमा विकासका क्षेत्रहरुको सूची तयार पार्नुका साथै ती क्षेत्रहरु लक्षित विकास योजनाको खाका समेत प्रस्तुत गरिएको छ ।

### १.१.२ सामाजिक आर्थिक प्रणालीमा आएको परिवर्तन (Changes in Social and Economic Areana)

२१औं सताब्दीमा विश्वव्यापी रुपमा आएको आर्थिक सामाजिक परिवर्तनबाट सिङ्गो नेपाल मात्र प्रभावित नभई नेपालका साना ठूला सहर तथा वस्ती समेत प्रभावित हनु स्वाभाविक हो । रोजगारीको लागि हुने आप्रवासन, खुल्ला र प्रतिस्पर्धात्मक बजार व्यवस्थाले श्रम र अर्थतन्त्रको सम्बन्धमा नयाँ परिभाषा गर्नुपर्ने अवस्था छ । शैक्षिक अवसर एवं सूचना र प्रविधिमा भएको प्रगतिले निर्वाहमुखी कृषि प्रणाली धाराशायी भएको र गैरकृषि क्षेत्रतर्फ नागरिकको आकर्षण र चासो बढेको देखिन्छ ।

निर्वाहमूखी कृषिबाट जनशक्ति विस्थापित हुदै जानु, आय आर्जनका लागि व्यवसायिक कृषि तथा अन्य क्षेत्रमा लगानी गर्न आर्कषण हुनु र विप्रेषणमा पारिवारिक अर्थव्यवस्था आश्रित हुनले स्पष्टरुपमा अर्थराजनीतिक परिवर्तन आएको देखाउँछ । जातका आधारमा गरिने कामलाई व्यवसायिक आर्जनमा लेखाजोखा गरिएको पाईन्छ भने आर्थिक संवृद्धिका आधारमा सामाजिक हैसियत स्थापना भएका छन् । जातीय व्यवस्था र आर्थिक प्रणालीको पुरानो बुझाई र परिभाषा असान्दर्भिक भई सकेका छन् । अर्थराजनीतिक परिवर्तन, आन्तरिक वसाईसराईबाट भएका अर्न्तघुलन र भौतिक पूर्वाधारहरुमा भएका प्रगतिले सिङ्गो नेपाल सहित बन्दिपुरको सामाजिक अवस्था उन्नत र सहिष्णुता तर्फ अग्रसर रहेको देखिन्छ ।

### १.१.३ राष्ट्रिय विकासको कार्यदिशा (National Development Paradigm)

हालको सन्दर्भमा राज्यले लक्षित गरेको राष्ट्रिय विकासका प्रयासहरु समाजवादी अवधारणाका आधारमा तय गर्न खोजेको पाईन्छ । नीजि, सहकारी र सार्वजनिक क्षेत्रका संलग्नता रहने तिन खम्वे अर्थनीतिलाई राष्ट्रिय विकासको कार्यदिशाका रुपमा ग्रहण गरिएको छ । राज्यले निर्माण गर्ने कार्यक्रम मार्फत विकासका मूलप्रवाहबाट विमुख समुदायलाई मुलधारमा ल्याउनु, दिगो आर्थिक विकास, वातावरणीय सन्तुलन र नागरिकका लागि सुरक्षाजाल (Safety Net) निर्माण गर्नु जस्ता क्रियाकलापहरुलाई प्राथमिकतामा राखिएको पाईन्छ । आर्थिक मेरुदण्डका रुपमा वृहत एवं मेघा भौतिक पूर्वाधारका लागि राष्ट्रिय गौरवका आयोजनाहरुलाई पनि प्राथमिकतामा राखिएको छ ।

विश्व अर्थतन्त्रको निर्णायक भूमिकामा उदयमान हाम्रा छिमेकी राष्ट्रहरु भारत र चीन दुबैसंग समदुरीमा आर्थिक तथा राजनीतिक सम्बन्ध कायम गर्दै भौतिक पूर्वाधार, रेल तथा सडक संजालको विस्तार र औद्योगिक लगानी भित्र्याएर अर्थतन्त्रको नयाँ र दिगो जग बसाल्ने उपयुक्त अवसर देखा परेको छ । यसले रोजगारी र जीविकोपार्जनको लागि विदेशिएका युवालाई देशभित्रै रोजगारी र आर्थिक समृद्धिका कार्यक्रममा संलग्न गराउने अवसर प्राप्त हुनेछ । गुणस्तर युक्त शिक्षा र स्वास्थ्य सेवाको विकास, व्यवसायिक र बजारमूखी कृषि व्यवसाय,

साँस्कृति र पर्यावरणीय पर्यटन व्यवसायको प्रवर्द्धन, जलस्रोत, खनिज र वन तथा जडीबुटीको समुच्चित उत्पादन गरी अन्तरराष्ट्रिय बजारबाट लाभ लिने रणनीति राज्यले लिन सक्ने अवस्था विध्यमान छ ।

## १.२ बन्दिपुरको संक्षिप्त परिचय (Brief Introduction of the Bandipur)

### १.२.१ परिचय (Introduction)

महाभारत पर्वत श्रृङ्खलामा अवस्थित बन्दिपुर गाँऊपालिका तनँहु जिल्लाको पुर्वउत्तर भेगमा रहेको छ । यसको उत्तर भागबाट पृथ्वी राजमार्ग फैलिएको छ भने मनाङ्ग लम्जुङ्ग जोड्ने राजमार्ग पनि यस गाँऊपालिकाको उत्तरभागमा जोडिएको छ । साथै पृथ्वी राजमार्गलाई पुर्वपश्चिम राजमार्गमा जोड्ने मुलिङ्ग नारायणगढ राजमार्गको वैकल्पिक ट्र्याक मार्गको रुपमा रहेको बुद्धसिंह मार्गमा जोडने गरी बन्दिपुर ढाँडखोला सडक निर्माणाधिन छ । यसरी हेर्दा यो गाँऊपालिका यातायातको दृष्टिले गण्डकी प्रदेश र सिंगो नेपाल कै यातायात केन्द्रको रुपमा उदाउँदै गएको देखिन्छ । जम्मा ६ वटा वडाहरु रहेको यस गाउँपालिकामा २०६८ जनगणना अनुसार करिव ४,१९८ घरधुरी रहेका छन् र यसको जनसंख्या २३,१०४ रहेको छ । मध्यपहाडको मिलन बिन्दुका रुपमा रहेको यस गाऊपालिकाले राष्ट्रिय विकासमा रणनीतिक महत्व राख्दछ । यस गाउँपालिकाको बहुसंख्यक जनसंख्या कृषि पेशामा संलग्न रहेको छन् भने भू-वनोट र वातावरणीय रुपमा विसमतामा रहेको छ ।

### १.२.२ गाऊँपालिकाको ऐतिहासिकता (Historical Importance)

नेपाल एकिकरणका क्रमका पृथ्वीनारायण शाहले भादगाँऊमा आक्रमण गरे पछि लडाईबाट प्रभावित केहि नेवार परिवारहरु यस स्थानमा आई वन्दव्यापार गरी वसेको कहावत पाईन्छ । पाल्पाका सेनराजाहरुले लम्जुङ्ग, गोर्खा, मकवानपुर र उपत्यकाका राजाहरुसंग हुने लडाईमा किल्लाका रुपमा बन्दिपुरलाई विकास गरेको पाईन्छ, हाल मुकुन्द सेनको दरवार र अन्य कोटहरुका अवशेष पाउन सकिन्छ । वन्दिपुर लम्जुङ्ग, तनँहु र गोर्खाको पुरानो वजारका रुपमा परिचय वनाएको बन्दिपुरले भारतको ठोरीवाट आयात हुने सामानको पहाड तर्फ आयात गर्ने वजारका विकास हुने अवसर प्राप्त गरेको थियो । नेपालका प्रथम शहिद लखन थापाले तत्कालिन सरकारसंग विद्रोह गरी संगठन विस्तारका क्रममा बन्दिपुरका आसपासमा आई वस्नथालेको र सरकारका फौजआई उनलाई मारेको स्थान वडा नं. ६ (लखनबारी) यहिँ पर्दछ । नेपालको राजनीतिक ईतिहासमा बन्दिपुरको विशेष महत्व रहेको छ । २००७ सालको राजनीतिक आन्दोलनमा बन्दिपुरले फौजी र राजनीतिक नेतृत्व गर्ने सपुत अर्पण गरेको थियो भने नेपालको एकिकरण अभियानमा बन्दिपुरका कयौं वहादुरहरुले आफ्नो रगत पसिना वगाएका कुरा ईतिहासमा उल्लेख छ । पहिलादेखि नै स्थानीय प्रशासकको मुकाम रहेको वन्दिपुरवाट २०२५ सालमा तनहुँको सदरमुकाम दमौली सार्नेकाम केन्द्रियतहवाट भएपछि केहि निराश र हतास रहेको पाईन्छ । तनहुँवाट वसाईसराई गरी नारायणगढ, विमलनगर, डुम्रे, काठमाण्डौं लगायतका स्थानमा आफ्नो कार्यस्थल वनाएका केहि स्वाभिमानीहरुवाट वन्दिपुरलाई पुरानो हैसियतमा फर्काउन प्रयास गरेको पाईन्छ । शिक्षा, स्वास्थ्य र पर्यटनका क्षेत्रलाई केन्द्र भागमा राखी वन्दिपुरको सर्वागिण विकासमा निजी र सार्वजनिक तहवाट लगानी गर्ने प्रयास रहेको पाईन्छ ।

बन्दिपुर साँस्कृतिक र पर्यावरणीय दृष्टिले विकासको प्रसस्त संभावना रहेको पाईन्छ । सानाठूला गरी विभिन्न ढुङ्गा वा तारेभीर, पानीका मुहान र सिमसार क्षेत्र, गुफा, विभिन्न प्रजातिका वनस्पति, जंगली जनावर, फलफुल, चराचुरुङ्गी, पुतलीहरु रहेको वन्दिपुर, जैविक विविधताले भरिपूर्ण रहेको छ । स्थानीय समुदायसंगको अर्न्तकृयाको क्रममा प्राप्त जानकारी अनुसार, बन्दिपुरमा ६२ जातका चरा, १३ जातका सरिसृप, १६ जातका माछा, २० जातका पुतली र १४ जातका सुनाखरी पाउन सकिन्छ । साथै, एक लोपोन्मुख पहरे प्रजातिको वाँदर बन्दिपुरका सामुदायिक वनमा मात्र पाईन्छ । साथै, दक्षिण एसियामा सवैभन्दा ठुलो गुफा पनि यहिंको सिद्धगफा नै हो भन्ने दाबी गरिदै आएको छ ।

### १.२.३ बन्दिपुरको भौगोलिक अवस्थिति (Geographical Location of Bandipur)


भौगोलिक रुपमा वन्दिपुर गाँऊपालिका २७ डिग्री ५३ मिनेट २४ सेकेण्ड देखि २७ डिग्री ५८ मिनेट १२ सेकेण्ड सम्म उत्तरी अक्षांश र ८४ डिग्री २१ मिनेट ३६ सेकेण्ड देखि ८४ डिग्री २७ मिनेट ३६ सेकेण्ड सम्म पुर्वी देशान्तरमा फैलिएको छ । साविक धरमपानी र वन्दिपुर गा.वि.स. समेत मिलि वन्दिपुर नगरपालिका वनेको थियो । हाल वन्दिपुर नगरपालिकाका सिमाना जोडिएका घाँसीकुवा गा.वि.स.को वडा नं. १ र ९ तथा केशवटार गा.वि.स.का वडा नं. १, ८ र ९ समेत मिलाई वन्दिपुर गाँऊपालिका गठन गरिएको छ ।

**सिमाना :**

पूर्वमा : तनहुँ जिल्लाको आवुखैरेनी गाऊँपालिका पर्दछ ।
पश्चिममा : तनहुँ जिल्लाको व्यास नगरपालिका पर्दछ ।
उत्तरमा : तनहुँ जिल्लाको भानु नगरपालिका पर्दछ ।
दक्षिणमा : तनहुँ जिल्लाको देवघाट गाऊपालिका रहेको छन् ।
कूल क्षेत्रफल : १०२ वर्ग कि.मि.
लम्बाई : सरदर १७ कि.मि.
औषत चौडाई : सरदर १५ कि.मि.
हावापानी : समसित्तोष्ण जलवायु पाईन्छ ।
औषत वर्षा : १८४१ मिलिमिटर
औषत सापेक्षित आर्द्रता : ६० प्रतिशत

### १.२.४ गाऊँपालिकाको प्रशासनिक विभाजन (Administrative Division)

प्रदेशको नामः प्रदेश गण्डकी
संघीय निर्वाचन क्षेत्र नं. : १
प्रदेश निर्वाचन क्षेत्र नं : ख
वडा संख्या : ६



बन्दिपुर गाउँपालिका
उत्तर
कमलावारी
धवादी
बेलभन्ज्याङ
भुराटार
पिप्लेबजार
डुम्रेबजार
अर्चले
इनार
तामुङ
रामकोट
बिमलनगर
याम्पाफाँट
चेउडुला
कल्चोक
कोराखा
बाहुनभन्ज्याङ
घैयापाखा
फलामडाँडा
धनगाउँ
चैनपुर
लुम्टे
हरडाँडा
झारगाउँ
तिलहर
रिपथोक
थारुवास
जुमडाँडा
पौवा
खडकागाउँ
पत्रे
ककडी
सिमलटार
रोटाटार
भगेरथुम्की
मरोटे
बेलकोट
टिकेस्वारा
चिसापानी
फिर्केडाँडा
खहरेटार
धरमपानी
बाँसपानी
ज्याम्पा
गजेश्वारा
कमलवारी
सेतीगाउँ
स्याल्लुङ
डाँडाछाप
काफलस्वारा
मगरगाउँ
बरुवागाउँ
स्याजाटार
माझटार
बागथले
बगरखोला
केसरटार
सारेम
सारघाट
संकेत
वस्ती
वडा न. १
वडा न. २
वडा न. ३
वडा न. ४
वडा न. ५
वडा न. ६
1
0
1
2
3
4
5 Kilometers

### १.२.५ जनसांख्यिक एवं सामाजिक अवस्था (Demographic and Social Situation)

बन्दिपुर गाँऊपालिका विविध जातजाति, भाषाभाषी र सस्कृति भएका समुदायको साझा स्थलका रुपमा विकास भएको शहरउन्मुख गाउँपालिका हो । पहाडीमूलका विभिन्न जातीहरु उत्तरका लमजुङ्ग, गोर्खा र तनहुँ अनि पश्चिमका कास्की, वाग्लुङ्ग, स्याग्दी, पर्वत र स्याङ्गजा जिल्लाहरुबाट वसाई सरी आएको र मधेशमुलका विभिन्न जातिहरु समेतका अन्तरघुलनबाट मिश्रित संस्कृति युक्त विविधतामा एकता रहेको समाज हो । विशेष गरी आर्थिक संवृद्धिको नयाँ अवसर सृजना भएको र उत्पादनमुखी सांस्कृतिक अन्तरसम्वन्ध विस्तार भएको पाईन्छ । गाँऊपालिका भित्र विकसित आयआर्जनका संभावना र सहिष्णुतापूर्ण सामाजिक मान्यताका कारण पर्यटकीय गन्तव्य स्थलका रुपमा नागरिकहरुको पहिलो रोजाईका रुपमा रहेको छ ।

पेशागत रुपमा सवै जातीका वहुसंख्यक परिवार कृषि तथा पशुपालन व्यवसायमा संलग्न रहेका छन् भने व्यापार तथा पर्यटन उद्योगमा नेवार जातिको उच्च बाहुल्यता रहेको छ । शिक्षण लगायतका सेवा व्यवसायमा व्राम्हण जातिको संलग्नता बढी पाईन्छ । गाउँपालिकामा दर्ता भएका व्यवसायहरु मध्ये साना तथा लघु उद्यममा नेवार, गुरुङ्ग, मगर, क्षेत्री, आदि जातिहरु बढी मात्रामा संलग्न पाईन्छ । पालिकाको मुख्य व्यापारिक केन्द्रका रुपमा वडा नं. १, २, ४, र ५ रहेका छन् । खानी क्षेत्रका रुपमा वडा नं. २, ३, ४, ५ र ६ मा रहेको छ । पर्यटनका लागि वडा नं. २, ३, ४ प्रख्यात रहेका छन् । वातावरणीय दृष्टिकोणबाट पृथ्वी राजमार्गसंग जोडिएका उत्तर तिरका सबै भूगोल महाभारत श्रृखलामा रहेको छ भने दक्षिण तिर सिमसार क्षेत्र र वन क्षेत्र रहेका छन् । संरक्षण जस्ता वातावरणीय सन्तुलनका लागि यि क्षेत्रहरु पहिलो सरोकार रहेको पाईन्छ ।

तालिका नं. १: जातीय विवरण

| वडा | सि.नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जाती | मगर | गुरूङ | क्षेत्री | ब्राह्मण | नेवार | भुजेल | ठकुरी | थकाली | तमाङ | कुमाल | दराई | राई | लिम्बु | सन्यासी | कामी | दमै | सार्की | सुनार | कसाई | मुस्लीम | अन्य | |
| १ | महिला | ४०६ | ३४ | ४०१ | ३८३ | ३८८ | ६४ | ९९ | ४५ | १३ | ० | ० | ३ | ० | ३१ | ११४ | ५१ | ७६ | १२ | १३ | २५ | ४ | २१६२ |
| | पुरूष | ४८२ | ३३ | ४१० | ३९९ | ३७२ | ५७ | १०३ | २७ | १४ | ० | ० | ३ | ० | २८ | १२० | ६९ | ७५ | १३ | १७ | २० | ३ | २२४५ |
| | जम्मा | ८८८ | ६७ | ८११ | ७८२ | ७६० | १२१ | २०२ | ७२ | २७ | ० | ० | ६ | ० | ५९ | २३४ | १२० | १५१ | २५ | ३० | ४५ | ७ | ४४०७ |
| २ | महिला | ३४८ | ५८८ | ३७३ | १३२ | १२० | ७५ | ७६ | ० | ० | ० | २ | ४ | ० | ६५ | १७३ | २५ | २७७ | २२ | १५ | ० | ० | २२९५ |
| | पुरूष | ३४८ | ५८२ | ४०८ | १७६ | १०१ | ८० | ७८ | ० | ० | ० | २ | २ | ० | ७१ | १९५ | ३२ | २६६ | १३ | ८ | ० | ० | २३६२ |
| | जम्मा | ६९६ | ११७० | ७८१ | ३०८ | २२१ | १५५ | १५४ | ० | ० | ० | ४ | ६ | ० | १३६ | ३६८ | ५७ | ५४३ | ३५ | २३ | ० | ० | ४६५७ |
| ३ | महिला | ४८९ | १६७ | ७८ | २०४ | ७ | ६८ | ० | ० | ० | ० | ० | ० | ० | ११ | ८६ | ८ | ११२ | ११ | ० | ० | ५ | १२४६ |
| | पुरूष | ५३२ | १५७ | ७६ | २२७ | ८ | ६२ | ० | ० | ० | ० | ० | ० | ० | ६ | ९९ | ९ | १०१ | ८ | ० | ० | ५ | १२९० |
| | जम्मा | १०२१ | ३२४ | १५४ | ४३१ | १५ | १३० | ० | ० | ० | ० | ० | ० | ० | १७ | १८५ | १७ | २१३ | १९ | ० | ० | १० | २५३६ |
| ४ | महिला | ६४९ | २६९ | ७७ | २०८ | ३२८ | ४६ | १९ | ० | २७ | ६ | ० | ३ | ० | ० | ९६ | ६५ | २० | १६ | ० | ९ | ९४ | १९३२ |
| | पुरूष | ६८८ | २७६ | ८८ | २२१ | ३४९ | ५३ | १६ | ० | ३७ | ६ | ० | १ | ० | ० | ८५ | ६२ | २३ | ८ | ० | १० | ९५ | २०१८ |
| | जम्मा | १३३७ | ५४५ | १६५ | ४२९ | ६७७ | ९९ | ३५ | ० | ६४ | १२ | ० | ४ | ० | ० | १८१ | १२७ | ४३ | २४ | ० | १९ | १८९ | ३९५० |
| ५ | महिला | २१२ | ७८४ | ४५ | ३५४ | ४७ | ७६ | ० | ० | ४ | ३१ | ० | १ | ० | ० | ६८ | ३० | ९७ | १८ | ० | ० | ८ | १७७५ |
| | पुरूष | २२४ | ७५७ | ४३ | ३९१ | ४६ | ७२ | ० | ० | ४ | २९ | ० | ३ | ० | ० | ६३ | ४२ | ९५ | १९ | ० | ० | ६ | १७९४ |
| | जम्मा | ४३६ | १५४१ | ८८ | ७४५ | ९३ | १४८ | ० | ० | ८ | ६० | ० | ४ | ० | ० | १३१ | ७२ | १९२ | ३७ | ० | ० | १४ | ३५६९ |
| ६ | महिला | २६ | १८८७ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४५ | १५ | २ | ० | ० | ० | ० | १९७८ |
| | पुरूष | ३६ | १९०४ | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४५ | १२ | ६ | ० | ० | ० | ० | २००७ |
| | जम्मा | ६२ | ३७९१ | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ९० | २७ | ८ | ० | ० | ० | ० | ३९८५ |
| कूल जम्मा | महिला | २१३० | ३७२९ | ९७४ | १२८१ | ८९० | ३३२ | १९४ | ४५ | ४४ | ३७ | २ | ११ | ० | १०७ | ५८२ | १९४ | ५८४ | ७९ | २८ | ३४ | १११ | ११३८८ |
| | पुरूष | २३१० | ३७०९ | १०२५ | १४१४ | ८७६ | ३२८ | १९७ | २७ | ५५ | ३५ | २ | ९ | ० | १०५ | ६०७ | २२६ | ५६६ | ६१ | २५ | ३० | १०९ | ११७१६ |
| | जम्मा | ४४४० | ७४३८ | १९९९ | २६९५ | १७६६ | ६६० | ३९१ | ७२ | ९९ | ७२ | ४ | २० | ० | २१२ | ११८९ | ४२० | ११५० | १४० | ५३ | ६४ | २२० | २३१०४ |

श्रोत: गा.वि.स. प्रोफाईल, बालमैत्री प्रोफाईल २०६९

## १.३ बन्दिपुरको आन्तरिक क्षमता (Internal Potentiality of Bandipur)

### १.३.१ आर्थिक तथा स्रोतसाधनको अवस्था (Situation of Economic and Resources)

यस अध्ययनको शिलशिलामा गरिएको स्थलगत अवलोकन, स्थानीय जनप्रतिनिधीसंगको अर्न्तक्रिया र गाँऊपालिकाका विभिन्न विभागहरुद्वारा उपलब्ध गराईएको सूचना तथा तथ्याँकको आधारमा गाउँपालिकाको मूख्य आर्थिक स्रोत कृषि, पशुपन्छी पालन, व्यापार, पर्यटन र खानी रहेको पाइन्छ । खासगरी वडा नं. ३, ५ र ६ लाई व्यवसायिक पशुपालनका दृष्टिले बढी सम्भावना भएको क्षेत्रको रुपमा लिन सकिन्छ । वडागत रुपमा वडा नं १ र ४ व्यापारिक केन्द्र, वडा नं. १, २, ३, ५ र ६ वनपैदावर, वडा नं. २ र ४ खानी (स्लेट ढुंगा), वडा नं. ४ पर्यटनको लागि बढी सम्भावना भएको क्षेत्रहरु हुन ।

विकासको प्राथमिकताको हिसाबले भौतिक पूर्वाधार विकास, कृषि, पर्यटन, पशुपालन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वन पैदावर र कृषि उत्पादनमा आधारित उद्योग, खानी उद्योग (स्लेट ढुङ्गा आदि), यातायात विकास क्रमशः रहेका छन् । महाभारत श्रृङ्खलाबाट शुरुभएका खहरेले निर्माण गरेको सिमसार क्षेत्रलाई मानव निर्मित दहका रुपमा पर्यटन (जलविहार), माछा पालन र सिंचाई गरी आर्थिक विकासको प्राथकितामा राख्न सकिन्छ । वन पैदावर र जडीबुटी यहाँको आर्थिक विकासको प्रचुर सम्भावना भएको क्षेत्रको रुपमा लिन सकिन्छ ।

### १.३.२ भौतिक पूर्वाधारको अवस्था (Situation of Infrastructure)

राष्ट्रिय सडक संजालको संगम (Transit) स्थलका रुपमा विकास हुदै गएको यस गाँऊपालिका भित्र व्यापार प्रयोजनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकासलाई आर्थिक विकास क्षेत्रसंग जोड्न सकिने अवस्था छ । साँस्कृतिक तथा पर्यावरणीय पर्यटन र सत्कार उद्योगको प्रवद्धनको क्षेत्र पनि व्यापक देखिन्छ । यसको लागि आवश्यक भौतिक पूर्वाधारको अवस्था न्यून तथा अपुग देखिन्छ । गण्डकी प्रदेशको केन्द्रभागमा अवस्थित यो प्रदेश खेल मैदान, मनोरञ्जन पार्क तथा पर्यटकीय क्षेत्रको पूर्वाधार गर्न सकिने स्थान प्रशस्तमात्रामा रहेको छ ।

कृषि र बसोवासको क्षेत्रको व्यवस्थित नभएको हुँदा वस्तीहरु अव्यवस्थित छन् । सडकको स्तर न्यून रहेको छ भने बसपार्क तथा अटोमोवाइल सर्भिसिङ सेन्टर आदिको व्यवस्थापन गर्न नसकिएको सन्दर्भमा बजार तथा वसोवास स्थान अव्यस्थित देखिएको छ ।

गाँऊपालिकाको भौतिक, आर्थिक, भूउपयोग, मानव संशाधन, प्रकृतिक स्रोत आदिको यर्थाथ र अध्यावधिक विवरणको लागि नयाँ सर्भेक्षण तथा स्रोत नक्साँकन गर्नु पर्ने आवश्यकता महशुस गरी भौगोलिक सूचना प्रणालीद्वारा स्रोत नक्साँकन गर्नुपर्ने क्षेत्रहरु जनसंख्या, आर्थिक अवस्था (कृषि तथा पशुपालन, उद्योग, कलकारखाना, व्यापार, विप्रेशण, आयात-निर्यातको अवस्था, वन पैदावार, खनिज आदि), भूउपयोगिताको अवस्था, शिक्षा र स्वास्थ्य सेवा, खानेपानी, स्वास्थ्य र सरसफाईको अवस्था, सेवा तथा बजार क्षेत्र, उर्जा तथा विद्युत आपूर्ती र खपत, वस्ती तथा शाहरीकरण विस्तार, वन तथा पर्यावरण र खनिज आदि हुन सक्दछन् ।

**तालिका नं. २: भौतिक पूर्वाधारको अवस्था**

| विवरण | ईकाई | आ.व. २०७३/७४ सम्मको | कैफियत |
|---|---|---|---|
| कालोपत्रे /राष्ट्रिय सडक समेत | कि.मि. | २९ | |
| ग्राभेल | कि.मि. | १४३ | |
| कच्ची सडक (ट्र्याक खोल्ने समेत) | कि.मि. | करिब १२० | |
| खानेपानी सेवा उपलब्ध जनसंख्या | प्रतिशत | ८२ | |
| ढल नाली | कि.मि. | ८.२४ | |
| विद्युत सेवा पुगेको जनसंख्या | प्रतिशत | ८५ | |
| टेलिफोन लाइन | संख्या | थाहा नभएको | |
| इन्टरनेट सेवा प्रदायक संस्था | संख्या | ३ | |
| ल्याण्डफिल्ड साइटको व्यवस्था | क्षेत्रफल | करिब ५ रोपनी (वडा नं.१ स्थित) | |

## १.३.३ संस्थागत संरचना क्षमताको अवस्था (Capacity of Institutional Structure)

क) शैक्षिक संस्था (सामुदायिक र संस्थागत समेत)

| प्रा.वि. | नि.मा.वि | मा.वि. | प्राविधिक शिक्षालय | क्याम्पस | विश्व विद्यालय |
|---|---|---|---|---|---|
| २५ +२ (नीजि) | ३ | ६+२ | २ | २ | ० |

***स्रोत: विद्यालय निरिक्षण कार्यालय, बन्दिपुर, २०७५***

ख) स्वास्थ संस्था

| अस्पताल | | | | स्वास्थ्य चौकी | शहरी स्वास्थ्य इकाई / सामदायिक स्वास्थ केन्द्र | आयुर्वेद केन्द्र |
|---|---|---|---|---|---|---|
| सरकारी | शैया | नीजि | शैया | | | |
| १ | १५ | २ | १० | १ | ६ | १ |

ग) कार्यालय भवनको अवस्था

| कार्यालय | तला | कोठा संख्या | जग्गाको स्वामित्व भाडामा | अन्य | कैफियत |
|---|---|---|---|---|---|
| कार्यपालिका | २ | १२ | गाउँपालिकामा | | |
| वडा कार्यालय | वडा नंबर ६ को मात्र आफ्नो भवन भएको । बाँकी ५ वटा वडा आफ्नो भवन छैन । | | | | |

## १.४. अवस्थाको तुलनात्मक विश्लेषण :

अवधारणा पत्रले समेटेका क्षेत्रहरुमा मापदण्डमा आधारित पुर्वाधार विकास, जनउत्तरदायि सार्वजनिक सेवा, दिगो कृषि विकास र प्राकृतिक स्रोत तथा साधानको व्यवस्थापन, नीति, सहकारी र सार्वजनिक साझेदारितामा स्वच्छ, सफा र मौलिक वस्ति विकास, सवैका लागि मापदण्डयुक्त स्वास्थ्य सेवा, प्राविधिक र जीवन उपयोगी शिक्षामा सवैको पहूँच, वन, सिमसार र लघु जलाधार क्षेत्र विकास, जिम्मेवार पर्यटन व्यवसायको विकास र नागरिकका सुरक्षा संयन्त्रमा विकास रहेका छन् । यिनै योजनाका क्षेत्रहरुलाई नेपाल सरकारद्धारा निर्देशित ढाँचा र संयुक्त राष्ट्र संघले प्रस्तावित गरेको मापदण्ड (कोफोग) अनुसारका गाऊँपालिकाका सवल, कमजोर, अवसर र चुनौतिहरुका विषयमा छलफल गरिएको थियो । क्रमश सवल र दुर्वल पक्ष संस्थाका आफ्नो सिमा भित्र रहेका पक्ष हुन् भने आन्तरिक व्यवस्थापनवाट यस्ता पक्षलाई अनुकुल वनाउन सकिन्छ । अवसर र चुनौतिहरु संस्थाका सिमा वाहिर रहेका पक्ष हुन् जोसंग लयात्मक तालमेल र समन्वय गर्नु मात्र व्यवस्थापनकर्ताको कुशलता रहन्छ ।

### १.४.१. समग्र अवसर र चुनौतिका लेखाजोखा

**सवल पक्ष :**

क) निर्वाचित जनप्रतिनिधिहरुको बहाली भई गाँऊको विकास प्रति चासो र तत्परता

ख) नागरिकहरुको कार्यपालिका प्रति ठूलो भरोसा र विश्वास

ग) जनप्रतिनिधिहरु र कर्मचारीहरुका विच राम्रो समन्वय

घ) सवै वडाहरुमा सडक संजालको विस्तार र रिङ्गरोड सर्किट खोल्न सफल

ड.) गाँऊपालिकाको आफ्नै भौतिक पूर्वाधारहरु जस्तै भवन, कार्यालय, यातायातका साधन

च) केहि अत्यावश्यक कानुन, नीति र योजनाहरु समेत निर्माण वा तर्जुमा सम्पन्न

छ) निजी क्षेत्रको विश्वास आर्जन गर्न सफल र लगानीमा विस्तार

ञ) प्राकृतिक स्रोत साधनको पहिचान जस्तै वन एवं कृषिको समुचित परिचालन

ट) फस्टाउदै गएको पर्यटन व्यवसाय र थप संभावनाको अवस्था

**कमजोर पक्ष**

क) आवश्यकता अनुसार प्राविधिक जनशक्तिको अभाव र असन्तुलित पूर्वाधारको विकास

ख) भौतिक पूर्वाधार विकासको मापदण्ड र गुणस्तरीयता

ग) सडक, ट्रेकिङ्ग मार्ग, पुल, सार्वजनिक भवनहरुको स्तरोन्नती र सवलिकरण

घ) गाँऊपालिकाको आन्तरिक राजश्वको पहिचान र परिचालन

ङ.) सहकारी र नीजि क्षेत्रको कृषि व्यवसाय र आवास विस्तारमा परिचालन

च) कार्यपालिका र विषयगत कार्यालयहरुको कार्यगत समन्वय

छ) संस्थागत संस्मरण र अभिलेखिकरण

**<u>अवसरहरु</u>**

क) प्रशस्त प्राकृतिक स्रोतसाधनको उपलव्धता एवं वन र जडिवुटीको प्रशस्त संभावना

ख) राष्ट्रिय स्तरमा लवीङ्ग गर्न सक्ने राजनीतिक, सामाजिक नेतृत्वको समन्वय सिप

ग) पशुपन्छी पालन, व्यवसायिक कृषि, सामुदायिक वनको गैरकाष्ठ उपयोग

घ) प्राकृतिक, साँस्कृतिक र ऐतिहासिक धरोहरहरुको उचित र उच्चतम उपयोग

ङ.) स्थापित पर्यटन वजार, होमस्टे, साहसिक खेल तथा पैदल मार्ग, प्राकृतिक सुन्दरता अवलोकन गर्न सक्ने स्थानहरु ।

च) संयुक्त लगानीमा केही पूर्वाधारहरुको निर्माण, सहकारीतामा आधारित खेति र पशुपालनका केहि असल अभ्यासका अनुभव ।

च) सिमसार एवं लघु जलाधार क्षेत्र ।

छ) गाँऊपालिका आफै प्रदेश र संघीय सरकारको प्राथमिकतामा रहन सफल

ज) बन्दिपुरवाट वसाईसरी बाहिर जानेहरुबाट बन्दिपुर विकासको लागि प्राप्त सक्रिय सहयोग ।

झ) बन्दिपुरको भौगोलिक अवस्थितति (चारवटा महानगरपालिका) र विकास तथा पूर्वाधारमैत्री भूबनोवट ।

**<u>चुनौतिहरु</u>**

क) असन्तुलित विकास र सामाजिक जागरण

ख) सडक लगायतका भौतिक संरचनाको स्तरोन्नतिका लागि लगानीको परिमाण

ग) दक्षप्राविधिक कर्मचारीको व्यवस्थापन

घ) लगानी र प्रतिफलका आधारमा परियोजनाको अनुगमन र परियोजना छनौट

ङ) न्यून नाफामुखि कृषि व्यवसाय र गैरकृषि व्यवसायमा आकर्षित युवा वर्ग

च) मौलिक पूर्वाधार संरक्षण विशेष गरी व्यक्तिगत घरको निर्माण र प्रयोग (बन्दिपुर स्मारक संरक्षण मापदण्ड)

छ) जनसंख्याको असन्तुलित वसाई सराई र कृषि योग्य जमिनको गैर कृषिजन्य प्रयोग

ज) सार्वजनिक जग्गा, वगैचा, पानीका मुहान, ताल, पोखरी, चरन, गुफा, साँस्कृतिक स्थान, मठ मन्दिर आदिको संरक्षण र सुरक्षा

### १.४.२. वडागत रुपमा प्राथमिकीकरण

तथ्यपरक ढङ्गवाट सवै वडाहरुको तुलना गर्न र योजनाका प्राथमिकता निर्धारण गर्न सकियोस् भनी विभिन्न दशवटा सुचक वा अवस्था राखी तुलनात्मक विश्लेषण गरिएको छ । हरेक सुचकले अधिकतम् अंक १० र न्युनतम् अंक १ दिईन्छ । तालिकामा दिईएको समग्र अंकमा सवैभन्दा राम्रो अवस्थाका वडालाई कम अंक र सवै भन्दा खराव अवस्थाको वडालाई वढि अंक प्राप्त हुनेछ । वडाहरुको विश्लेषण गर्दा छवटा वडाहरु मध्ये सवैभन्दा राम्रो अवस्था क्रमश वडा नं. ४, २ रहेका छ भने वडा नं. ६ भने सवै भन्दा वढि नम्वर ल्याई विकासको पहिलो प्राथमिकतामा परेको छ । वडा नं. १, ३ र ५ ले उस्तै स्तरमा विकासपथमा अगाडी वढेको देखिन्छ । औषत सुचांकका आधारमा हेर्दा निजी तथा सहकारीको लगानी, जनसंख्या शिक्षा र विपद् तथा प्राकृतिक प्रकोपको जोखिमलाई सम्वोधन हुने कार्यक्रमहरुले प्राथमिता पाएका छन् । समग्र देशको विकासको अवस्थालाई हेर्दा यस गाँऊपालिकाको हाल सम्म उपलव्ध उपलव्धि औषत कै हाराहारीमा छ । समग्रमा लगानी गर्ने एजेन्सीहरुको परिचालन गर्न सके यस गाऊपालिकाले काँचुली फेर्छ ।

**तालिका नं. ३: वडागत प्राथमिकता सूची**

| क्र. स. | सूचाँकहरु | वडाहरु / १० पुर्णाकंमा | | | | | | औषत सुचक नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| १ | सडक सञ्जालसंग पहुँच र नेटवर्क विस्तार | १ | ३ | ४ | ५ | ३ | ७ | २३ |
| २ | कुल पालिकाको जनसंख्याको आयतन | १० | ३ | ३ | ४ | ५ | ७ | ३२ |
| ३ | गरिव, दलित र पिछडावर्गको जनसंख्या | ३ | ४ | ४ | ३ | ५ | ८ | २५ |
| ४ | शिक्षा सेवाको विस्तार र पुर्वाधार | २ | ३ | ३ | २ | ४ | ६ | २० |
| ५ | स्वास्थ्य सेवाको विस्तार र पुर्वाधार | २ | ४ | ५ | ३ | ६ | ५ | २५ |
| ६ | प्राकृतिक प्रकोप र विपद जोखिमको अवस्था | ६ | ५ | ५ | ४ | ५ | ६ | ३१ |
| ७ | सरसफाई तथा खानेपानी र उर्जाको आपुर्तिको अवस्था | ७ | ४ | ४ | ३ | ४ | ४ | २७ |
| ८ | आवास/वस्तिको मापदण्डमा आधारित व्यवस्थापन र विस्तार | ६ | ३ | ३ | ६ | ३ | ३ | २३ |
| ९ | जीविकोपार्जनको लागी वहुपक्षिय अवसर र अवस्था | ३ | ४ | ४ | ३ | ४ | ५ | २३ |
| १० | निजी तथा सहकारी लगायतक्षेत्रहरुको लगानी अवस्था | ५ | ६ | ७ | ५ | ६ | ९ | ३८ |
| | **जम्मा कुल योगफल** | **४४** | **३९** | **४२** | **३८** | **४५** | **६०** | **२६८** |
| | **विकासको प्राथमिकता** | **III** | **V** | **IV** | **VI** | **II** | **I** | **44.7 %** |

# खण्ड दुईः रणनीतिक योजनाको आधार र औचित्य

# (Basis and Rational of Strategic Paper)

## २.१ रणनीतिक योजनाको आधार (Basis of Strategic Paper)

### २.१.१ नीतिगत र कानुनी आधार (Legal and Policy Basis)

नेपालको संविधान २०७२ को धारा ५० मा उल्लेख गरिए अनुसार,*"राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मासात गर्दै देशमा उपलब्ध स्रोत साधनको दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने" ।* भनी उल्लेख भए अनुसार नै यस गाऊँपालिकाको गुरुयोजना तयार पार्ने योजना रहेको छ । यो अवधारणापत्रले गुरुयोजना निर्माणको लागि प्रारम्भिक चरणको अध्ययन प्रतिवेदनको कार्य गर्ने भएको हुँदा अब बन्ने गुरुयोजना वास्तविकतामा आधारित र जनताको पूर्ण सहभागिताबाट बन्ने सुनिश्चित हुनेछ ।

स्थानीय शासन संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा गाउँको आवधिक तथा गुरुयोजना सम्बन्धि निम्न अनुसार व्यवस्था गरिएको छ ।

१) गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत, क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, वालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

३) गाउँपालिका तथा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरुको सहभागीता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुऱ्याउने,

५) गाउँपालिका तथा गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका अन्य सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नु पर्नेछ ।

६) गाउँपालिका तथा गाउँपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्न योजना समेत तयार गर्नुपर्नेछ ।

७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

८) गाउँपालिका तथा गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयूक्त लगानी वा सार्वजनिक निजि साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

९) गाउँपालिका तथा गाउँपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

१०) गाउँपालिका तथा गाउँपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्नको कार्य गर्न सक्नेछ ।

## २.२ रणनीतिक योजनाको सैद्धान्तिक आधार (Theositical Basis of Strategic Plan)

### २.२.१ समाजवाद् उन्मुख आर्थिक विकास (Socialist Oriented Economic Development)

राष्ट्रिय विकासको सैद्धान्तिक आधारको रुपमा *समाजवाद उन्मुख आर्थिक विकास*लाई नेपालको संबिधान २०७२ मा नै उल्लेख गरिएको छ । हालको सर्न्दभमा समाजवाद उन्मुख आर्थिक विकासमा विकासका क्षेत्रहरुमा आमनागरिकको लगानी र उत्पादनको उपभोग तथा वितरणमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गर्नुका साथै वातावरणमैत्री दिगो विकासलाई आधार मानिएको छ ।
यसका मुख्य अर्न्तनिहित तत्वहरु निम्न अनुसार लिईएको छ ।

- दिगो र एकिकृत विकास
- न्यायपूर्ण र समानतामा आधारित विकास र प्रतिफलको वितरण
- नीजि, सहकारी र सार्वजनिक साझेदारिता
- पूर्वाधारमा लगानी
- सामाजिक सूरक्षा

पछिल्लो समय सरकारले लिएको आर्थिक विकासको तीन खम्बे नीति, सार्वजनिक, निजी र सहकारी साझेदारी विकास पहललाई समाजवाद उन्मुख आर्थिक विकासको अवधारणामा लैजानु पर्दछ । यसले नै राष्ट्रिय पुँजी निर्माण गरी आन्तरिक पुँजीको बृद्धि हुनेछ । आन्तरिक पुँजीको बृद्धिले बाह्य पुँजी लगानीको क्षेत्रमा पूर्वाधार

तयार पारिने र बाह्य पुंजी र आन्तरिक पुँजीका संयुक्त लगानीका उद्योगले राष्ट्रिय आयमा बृद्धि भई राष्ट्रको आर्थिक बृद्धि हुनेछ ।
यसरी हुने आर्थिक संबृद्धि संगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउन सक्ने छ र त्यसको प्रतिफल बिपन्न, गरिब, असहाय, बृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिंग, लोपन्मुख जातजाती आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा बृद्धि गर्ने छ । राज्यले उद्यमीहरुलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तिय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार क्षेत्रलाई करको दायरा भित्र ल्याउनु पर्दछ । कर प्रणाली बैज्ञानिक र प्रगतिशिल हुन आवश्यक छ ।

## २.२.२ सुशासन र सार्वजनिक उत्तरदायित्व (Good Governance and Social Responsibility)

सुशासनको मुख्य तत्वहरु जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, सहज र सिघ्र सार्वजनिक सेवा प्रवाह पर्दछन् । हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरुलाई आफ्ना काम कार्वाहि र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ । राज्यको जिम्मेवारी बाँडफाँडको सिद्धान्तलाई विशेषज्ञहरुबाट मूख्य गरी दुई किसिमले बर्गिकरण गरिएको पाइन्छ । क) दक्षताको सिद्धान्तः यस सिदान्त अनुसार विविध आवश्यकता र रुचिलाई संतुष्टि हुने गरी सबैभन्दा कम मुल्यमा कार्यकुशलता र प्रभावकारी सार्वजनिक सेवा दिनुपर्ने । ख) सन्निकटताको सिद्धान्तः सार्वजनिक सेवाका लागि कार्यविनियोजन गर्दा सबैभन्दा तल्लो तहका सरकारलाई सुम्पिनु पर्ने र उसले गर्न नसक्ने भएमा मात्र सो भन्दा माथिल्लो निकायले जिम्मेवारी लिनु पर्ने मान्यता राख्दछ । राज्यको सबैभन्दा तल्लो निकाय वा स्थानीय सरकार जो जनताको नजिक रहने र करदाता जनताको आवश्यकता र रुचीसंग बढी परिचित एवं उत्तरदायी पनि हुन्छ र जनताप्रति बढी जवाफदेही हुने गर्दछ । सुशासनका मुख्य सूचांकहरु निम्न अनुसार लिइएको छ ।

- विधिको शासन,
- सार्वजनिक उत्तरदायित्व
- पारदर्शिता
- जवाफदेहिता
- सामाजिक समावेशीकरण

हरेक स्थानीय सरकारले सुशासनका यी तत्वहरुलाई काम कार्वाही, योजना र सेवाप्रवाहमा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको सूचांक तयार पारी लागु गर्नु पर्नेछ ।

## २.२.३ विकासका आयामहरुको प्रवर्धन (Promotion of Contemporary Development Paradigm)

- लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI)
- दिगो विकास  र समृद्धि (Sustainable Development & Economic Prosparity)
- वातावरणीय सन्तुलन (Environment Balance)
- बालमैत्री स्थानीय शासन (CFLG)
- अपाङ्गमैत्री भौतिक संरचना तथा योजना आचारसंहिता (Disability Friendly Infrastructure and Planning Code of Conduct)

# खण्ड तीनः रणनीतिक योजना तर्जुमा विधि

# (Methodology of Strategic Paper Development)

## ३.१ सन्दर्भ सामाग्री, योजना र प्रतिवेदनको पुनरावलोकन (Review of Reference Materials, Planning and Reports)

### ३.१.१ सन्दर्भ सामाग्री अध्ययन (Study of Reference Materials)

यो रणनीति पत्र तयारीको क्रममा सैद्धान्तिक विधि र व्यवहारिक अभ्यास दुबैलाई अवलम्बन गरिएको छ । विभिन्न देशमा स्थानीय निकायहरुले अख्तियार गरेका महत्वपूर्ण विकासका रणनीति योजनाहरुलाई सन्दर्भ सामाग्रीका रुपमा ग्रहण गरिएको छ । त्यसै गरि नेपाल सरकारको अग्रसरता निर्माण गरिएका जिल्ला विकास समिति तथा नगरपालिकाहरुका रणनीतिक तथा गुरु योजनाहरुलाई अन्य सामाग्रीका रुपमा लिईएको छ । भुकम्प पश्च्यात पुर्ननिर्माण तथा विकास आवधिक रणनीतिक योजनालाई नमुना रणनीतिक योजनाको रुपमा ग्रहण गरिएको छ । व्रोडभिजन संलग्न रहेका कतिपय अध्ययन दस्तावेज र नेपाल सरकार, केन्द्रिय तथ्यांक विभाग संलग्न भई प्रकाशन गरिएका अध्ययन प्रतिवेदनलाई सर्न्दभ सामाग्रीका रुपमा ग्रहण गरिएको छ । त्यसै गरि संयुक्त राष्ट्र संघले मान्यता दिएको सदस्य राष्ट्रहरुका सरकारका कार्यहरुको वर्गिकरण Classification of the functions of Government (COFOG) मापदण्डलाई कार्यक्रमहरुको वृहत वर्गिकरणका सर्न्दभमा ग्रहण गरिएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल सरकार, संघीय मामला मन्त्रालयद्धारा जारी निर्देशिका र संघीयता सम्वन्धी कार्यदलका प्रतिवेदनहरुलाई मार्ग दर्शनका रुपमा लिईएको छ ।

### ३.१.२ बन्दिपुर गाँऊपालिकाको योजना र प्रतिवेदनको पुनरावलोकन (Review of Planning and Reports of Bandipur Rural Municipality)

बन्दिपुर गाँऊपालिकाले अघिल्लो आर्थिक वर्ष २०७३/७४ का लागि पेश गरेको वार्षिक योजना र चालु आर्थिक वर्ष २०७४/७५ का लागि प्रस्तावित नीति तथा कार्यक्रमलाई मिहिन रुपमा अध्ययन गरिएको छ । गाँऊपालिकाले तयार गरेका भौतिक पूर्वाधार गुरुयोजना लगायतका अन्य आवधिक योजनालाई सर्न्दभ सामाग्रीका रुपमा लिईएको छ भने विगतका योजनाहरुको समिक्षा पत्र तथा अभिलेखहरुलाई सार्न्दभिक रुपमा ग्रहण गरिएको छ । राजनीतिक दलहरुले स्थानीय निर्वाचनमा प्रस्तुत गरेका चुनावी घोषणा पत्रहरुलाई समेत अध्ययन गरिएको छ ।

## ३.२ सरोकारवाला र स्थानीय राजनीतिक नेतृत्वसंग अन्तरक्रिया (Interaction with Stakeholders and Local Political Leadership)

### ३.२.१ क्षेत्रगत आवधिक योजनाको लेखाजोखा (Assessment of Sectoral Periodic Plan)

संघीय सरकार र गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रम र अर्थ विधयेकलाई रणनीति पत्र तयार गर्ने क्रममा अध्ययन र लेखाजोखा गरिएको छ । सरकारबाट प्राथमिकता तोकिएका क्षेत्रहरुलाई स्थानीय सार्न्दभिकताका आधारमा प्रस्तावित कार्यक्रममा पनि प्राथमिकतामा राखिएको छ । सरकारका वार्षिक योजनालाई वृहत क्षेत्रगत सूचिमा राखी लेखाजोखा गरिएको छ र विज्ञ समूहबाट आवश्यक संपादन र संश्लेषण सहित स्थानीय बन्दिपुर गाँऊपालिकाको कार्यक्रमको सूचीमा समावेश गरिएको छ ।

### ३.२.२ विज्ञ तथा सामुदायिक नेतृत्वसंग अन्तरक्रिया (Interaction with Local Leadership and Experts)

प्रमुख प्राकृतिक साधन र श्रोतहरु जस्तै पानीको श्रोत, वन जंगल, जडीवुटी, खनिजवस्तु, खानी र यी प्राकृतिक श्रोतहरुको अवस्था तथा भू-उपयोगको स्थितीको सक्षिप्त अध्ययनका लागि विज्ञ तथा सामुदायिक नेताहरुसंग औपचारिक र अनौपचारिक रुपमा विभिन्न समयमा छलफल गरियो । अध्ययनका क्रममा पर्यटन क्षेत्र, जल प्रदुषण, माटो प्रदुषण, भूक्षय, वन्यजन्तु तथा जैविक विविधता सम्वन्धी विषय लगायत मानव निर्मित साधन र श्रोतहरु *(Human Made Resource)* जस्तै सरकारी कार्यालय भवन, अस्पताल, विद्यालय, मनोरंजन स्थल, होटल, आवासीय भवनहरु, कलकारखाना, खेल तथा अन्य भवनहरुको सामान्य नक्साङ्कन गरियो । सडक मार्गको स्थिति तथा यसको उपलव्धताको बारेमा यातायात गुरु योजनाका सुचकहरुलाई नै आधार मानिएको छ ।

### ३.२.३ निर्वाचित जनप्रतिनिधि, विषयगत समिति र कर्मचारी वर्गसंग अर्न्तक्रिया (Interaction with Elected Leadership, Thematice Committee and Staffs)

निर्वाचित जनप्रतिनिधि र विषयगत समितिका प्रतिनिधिहरुसंग विभिन्न पटक अर्न्तक्रिया गरी नगरपालिकाको परिकल्पना, ध्येय, रणनीतिक सवाल, दिशा र प्रस्तावित क्षेत्रगत योजनाहरुको विषयमा छलफल अर्न्तक्रिया गरियो । समूह केन्द्रित छलफल र खुल्ला छलफल विधिबाट गरिएका छलफलमा खुल्ला प्रस्ताव र ड्राफ्ट प्रस्तावका आधारमा गहन छलफल गरियो । छलफललाई अर्न्तक्रियात्मक बनाउन खुल्ला प्रश्न-उत्तर र विचार संकलन विधिबाट राय सल्लाह लिईएको थियो । विषेश गरी कृषिजन्य वस्तुहरुको उत्पादन वृद्धिको लागि आवश्यक योजना, ऐतिहासिक तथा धार्मिक महत्वका स्थान संरक्षण र प्रवर्धन, वैज्ञानिक खोजमूलक वस्तु तथा प्रविधि, साधन र स्रोतको मूल्यांकन, वन संरक्षण, जडिवुटी खेती, भौतिक निर्माण सामाग्रीका उद्योगहरु, अन्य उत्पादनमूलक उद्योगहरु, खनिज उद्योगहरु, थोक तथा खुद्रा पसलहरु, यातायात तथा संचार सेवा जस्ता विषयमा पनि पुरक छलफल गरिएको थियो । कर्मचारीहरुसंग अन्तरव्यक्ति सम्वाद विधिद्वारा समस्या र समाधानका उपायहरुका विषयमा केन्द्रित भई छलफल गरिएको थियो ।

## ३.२ प्रस्तुति र पृष्टपोषण (Presentation and Feedback)

विभिन्न पटकको छलफलबाट निस्किएका निष्कर्ष र वुदाँहरुलाई रणनीतिक पत्रको ढाँचामा राखी ड्राफ्ट पत्र तयार गरी सम्वन्धित व्यक्तिहरुबाट पृष्ठपोषण लिने काम गरियो । विशेष गरी ईन्टरनेट सुविधा हुनेहरुलाई ई-कपिबाट र अन्यका लागि मौखिक रुपमा पृष्ठपोषण लिने काम गरियो । अन्तिम कपि प्रकाशन हुनु अघि सबैको सुझावका लागि एकप्रति नगरपालिकाको सूचना शाखामा राखिएको थियो । यथोचित सुझावलाई हरेक वर्ष अध्यावधिक गर्दै लगिने छ । हरेक वर्ष गरिने अनुगमन र मूल्याकंनबाट रणनीति पत्रलाई संसोधन गर्दै लगिने छ ।

# खण्ड चारः विकास रणनीति

# (Development Strategy)

## ४.१ दुरदृष्टि, ध्येय, लक्ष्य

**दुरदृष्टि (Vision)**

पर्यावरणीय न्याय र मानवीय खुशी सहितको समृद्ध बन्दिपुर (Prosporous Bandipur with ecological justice and People's happiness)

**ध्येय (Mission)**

आर्थिक वृद्धिका लागि पूर्वाधारमा लगानी, वातावरणीय सन्तुलन र मानवीय क्षमता विकास

(Investment for Economic growth, Environmental justice and Human development)

*(मूलनीतिः पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार बन्दिपुर समृद्धिको आधार ।*


**रणनीतिक लक्ष्य (Strategic Goal)**

दिगो विकासका लागि एकिकृत प्रयास (Integrated Approach for Sustainable Development)

## ४.२. रणनीतिका निर्देशक सिद्धान्त ( Directive Principals of Strategy)

क) सामाजिक न्यायमा आधारित प्रतिफल वितरण (Equity Based Distribution of Development Outputs)
ख) सामुदायिक पुँजि निर्माण (Assest Based Community Development)
ग) समाजवाद उन्मुख आर्थिक संबृद्धि (Socialistic Orientated Economic Growth)
घ) लोकतन्त्र र संघीय शासन पद्धतीको संस्थागत सवलीकरण (Institutional Stregthening of Democracy and Federal governence System)
ङ) पर्यावरणीय न्यायमा आधारित विकास (Development with Ecological Justice)

## ४.३ परिवर्तनको सिद्धान्त (Theory of Change)



## ४.४ एकिकृत विकासका लागि रणनीतिक दिशा (Strategic Directions for Integrated Development)

- मापदण्डयुक्त भौतिक पूर्वाधार विकास
- कृषि र वन पैदावारको व्यवसायिकीकरण
- शैक्षिक तथा स्वास्थ्य उपचार हव
- पर्यटन र खानीको औद्योगीकरण
- प्राकृतिक स्रोत सम्पदाको समुच्चित उपयोग
- आर्थिक उत्पादनमा लगानी र सुरक्षा
- प्रविधिको उच्चतम प्रयोगमा आधारित दिगो विकास
- सामाजिक सुरक्षा र सुशासन

# खण्ड पाँचः रणनीतिक क्षेत्र, योजना र कार्यक्रम

# (Strategic Sector, Plan and Program)

## ५.१ रणनीतिक क्षेत्र र सूचकहरु (Strategic Sectors and Outcome Indicators)

### ५.१.१ संस्थागत विकास र सार्वजनिक सेवा (Institutional Development and Responsive Public Service)

- सुशासन प्रवर्द्धन (लोकतन्त्र, विधिको शासन र जनउत्तरदायी सार्वजजिक सेवा)
- जवाफदेहीपूर्ण र सेवाग्राही मैत्री ई-सेवा प्रणाली
- भ्रष्टाचार विरुद्धको शून्य सहनशिलता
- डिजिटल अनुगमन, पारदर्शिता र नागरिक सन्तुष्टि मापन प्रणाली
- डिजिटल प्रणालीमा आधारित तथ्यांक व्यवस्थापन र पञ्जिकरण
- सेवा संयन्त्रहरु प्रति सामुहिक उत्तरदायित्व र प्रतिफलका आधारमा पुरस्कार र दण्डको व्यवस्था
- सिघ्र सेवा तिव्र विकास

### ५.१.२. दिगो कृषि विकास र प्राकृतिक स्रोत साधनको व्यवस्थापन (Sustainable Agriculture Development and Natural Resources Management)

- भूमिको दिगो उपयोग
- संरक्षण र सम्बर्धन सहितको बनजन्य पैदावरको व्यवसायिकरण
- कृषि, वागवानी र पशुपन्छि पालनको व्यवसायिक विकास
- कृषि र खानीका प्रसोधन उद्योग र वजारीकरण
- जनपर्यावरण मैत्री पर्यटन विकास
- कृषि, वागवानी र पशुपन्छि धन सुरक्षा
- एकिकृत सेवा केन्द्रहरुको विस्तार
- बृहत पकेट क्षेत्र विस्तार

### ५.१.३. मापदण्ड अनुरुप भौतिक पूर्वाधारको विकास (Standard Based Physical Infrastructure Development)

- व्यापारिक हवका रुपमा विस्तार हुन सक्ने गरी वजार संरचनाका विकास र विस्तार
- गाँऊपालिकाका सवै वडा केन्द्रहरु जोड्ने रिङ्ग रोड, वजार केन्द्रहरुको राष्ट्रिय राजमार्गसंग सम्पर्क विस्तार
- आधारभुत पूर्वाधार सहितका वस्ती विकास
- अर्न्तराष्ट्रिय मापदण्ड अनुरुप पर्यटन क्षेत्र विकास
- सवैका लागि स्वच्छ पिउने पानी र सरसफाई
- हराभरा शहर र एक वस्ती एक पार्क

### ५.१.४ नीजि, सहकारी र सार्वजनिक साझेदारितामा स्वच्छ र सफा वस्ति विकास (Public Private Cooperative Partnership for Clean, Safe Settlement Development)

- मापदण्डका आधारमा नयाँ वस्ती र बजार क्षेत्र विकास र विस्तार
- पुराना वस्ती तथा वजार क्षेत्रहरुको साँस्कृतिक नक्साकंन र मापदण्डहरुको अध्यावधि
- हरेक वस्तीमा एक सामुदायिक भवन र वालवालिकाका लागि पार्क निर्माण
- न्यूनआय भएका परिवारका लागि आवास

### ५.१.५ स्वस्थ्य शरिर, दीर्घ जीवन (Healthly Body, Long Life)

- सबै स्वास्थ्य चौकिमा सुत्केरी सेवा
- सवै प्रसुती स्वास्थ्य संस्थामा
- सबैका लागि सधै पूर्णखोप
- सबैका लागि सहज स्वास्थ्य सेवा
- अत्यावश्यक औषधी र खोपस्टोर व्यवस्थापन
- अस्पताल ग्रामको विकास
- खाद्यान्न, मासु फलफुल र तरकारीको गुणस्तरयुक्त स्वस्थ्य (क्वारेन्टाईन) जाँच सेवा

**५.१.६ सबैको लागि शिक्षा, युवाका लागि प्रविधि र जीवन उपयोगी सीप (Education for All, Technology for Youth and Better Life Option Skills for Adolescents)**

- विद्यालय जाने उमेरका सवै वालवालिका स्कूलमा (निरक्षरता उन्मुलन)
- प्राविधिक शिक्षामा युवाको पहुँच
- विद्यालयको गुणस्तरमा स्तरोन्नती
- क्याम्पस र उच्च विद्यालय संचालन
- खेलकुदको लागि भौतिक पूर्वाधार विकास

**५.१.७. पर्यावरण सन्तुलन, सिमसार र जलाधार क्षेत्र संरक्षण र विस्तार (Ecological Balance, Wetland and Riverbasin Protection and Conservation)**

- सिमसार क्षेत्र संरक्षण र कृतिम ताल विकास
- सबै साना खोलाको जलाधार क्षेत्र संरक्षण र खोल्सा सुधार
- विपद् व्यवस्थापन
- पातालद्धार-सिद्धगुफा-वन्दिपुर, गोहोरे-आनन्दपुरी-जालभञ्जाङ्ग, रामकोट-तारेभिर-तेस्रो लेक (तिनवटा सर्किट) पर्यटन मार्ग विस्तार
- खानी व्यवस्थापन र तटवन्ध

**५.१.८. सामाजिक सुरक्षा संयन्त्र (Social Safety Net)**

- सबै नागरिकको वैंक खाता र विमा
- जेष्ठ नागरिक, दलित, असहाय र एकल महिलाका लागि पालिकाको विशेष सुरक्षा
- सडक वालिकाको सुरक्षा
- योगदानमा आधारित निबृतिभरण तथा सूरक्षा
- हिंसा प्रभावितहरुको संरक्षण संयन्त्र

## ५.२ क्षेत्रगत योजना र कार्यक्रम (Sectoral Planning and Program)

### ५.२.१ संस्थागत संरचना विकास र सार्वजनिक सेवा (Institutional Development and Public Service)

<u>ऐन कानून नीति</u>

क) गाउँसभा संचालन कार्यविधि २०७४
ख) गाउँपालिका न्यायिक समिति सम्पादन नियमावलि र मध्यस्थता कार्यविधि
ग) गाउँकार्यपालिकाका कार्य सम्पादन समितिहरु र विभाग गठन सम्वन्धी नियमावली र कार्यविधि
घ) अन्तरसरकार समन्वय र साझेदारिता नीति
ङ.) कर, राजश्व निर्धारण ऐन, नियमावली र कार्यविधि
च) विप्रेषण परिचालन र गैर आवासिय नेपालीको लगानी सुरक्षा नीति
छ) सार्वजनिक–नीजि साझेदारिता नियमावली
ज) अतिआवश्यक नगर सेवाहरु (वारुणयन्त्र, आपतकालिन उद्धार, नगरप्रहरी) को संचालन कार्यविधि
झ) गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक र विकास अवस्थावारेमा अनुसन्धान तथा विकास अध्ययन नियमावली
ञ) गाउँपालिकाको तथ्यांक, सूचना, अभिलेखहरुको विद्युतिय व्यवस्थापन प्रणाली कार्यविधि र ऐन
ट) व्यक्तिगत घट्ना, दर्ता, अभिलेखिकरण र पञ्जीकरण कार्यविधि तथा ऐन
ठ) पूर्वाधार विकास ऐन । भूउपयोग नीति । सार्वजनिक जग्गा संरक्षण ।
ड) शिक्षा, स्वास्थ्य, सामाजिक सूरक्षा कानून,
ढ) विषयगत शाखाको संस्थागत विकास

### ५.२.२ आर्थिक विकास क्षेत्र (Economic Development Sector)

क) कृषि तथा वागवानी क्षेत्रको उत्पादकत्व वृद्धिका लागि दीर्घकालिन आवधिक योजना
ख) कृषि तथा वागवानी उत्पादनका सुरक्षा, संरक्षण र प्रसोधन केन्द्रित सार्वजनिक-निजी साझेदारितामा आधारित दिर्घकालिन योजना
ग) पशुपन्छी, कृषि, वागवानी र तरकारी उत्पादन विमा योजना
घ) एक गाउँ एक उत्पादन केन्द्रित कार्यक्रम
ङ.) साना किसान केन्द्रित लघु तथा ड्रिप्स सिंचाई योजना
च) कृषि, वागवानी र पशुपन्छि जन्य उत्पादनको राष्ट्रिय बजारसम्म शितव्यवस्थापन सहित ढुवानी सेवाका लागि अनुदान कार्यक्रम
छ) हालको कृषिबजारको अवस्थामा स्तरोन्नती गर्दै पक्कि, सुरक्षित, यातायात मैत्री र सरसफाई युक्त बजार विकास कार्यक्रम
झ) शित भण्डारण र व्यवस्थापन सहितको वडामा कम्तिमा ....क्षमता भएको शीतगोदामको निर्माण कार्यक्रम

ञ) हरेक वडामा कृषि, वागवानी, तरकारी, पशु तथा पन्छि विकास सेवा केन्द्र स्थापना गरी माटो जाँच, प्लान्ट प्याथोलजी, पशु पन्छिको पोष्टमार्टम ल्याव सहित विऊ तथा नश्ल सुधारका लघु अध्ययन योजनाहरु कार्यान्वयन गर्न सक्ने एकिकृत सेवा केन्द्रहरुको विस्तार कार्यक्रम

ट) हरेक वस्तीमा कम्तिमा दैनिक १००० लि. दुग्ध उत्पादन संभाव्यता भएका स्थानमा चिलिङ्ग स्टोर र २००० लि. दुग्ध उत्पादन हुने संभाव्यता भएका स्थानमा दुग्ध प्रसोधन डेरी स्थापनाका लागि दुग्ध सहकारीका लागि पुँजीगत अनुदान कार्यक्रम

ठ) पशुपन्छि धन विमा योजना

ड) पशु पन्छि क्वारेन्टाईन जाँच सेवा, सार्वजनिक पशु वधशाला निर्माण र स्वस्थ्य र सफा मासुका लागि मासु पसलको स्तरोन्नती सहयोग कार्यक्रम

ढ) कृषि, वागवानी, तरकारी र पशु जन्य उत्पादनको प्याकेजिङ्ग, प्रसोधन र तयारी खाद्यान्न उत्पादन लागि निजी क्षेत्र र कृषक सहकारी साझेदारीता कार्यक्रम

ण) अव्यवस्थित साना होटल तथा रेष्टुरेण्टहरुको स्तरोन्नतिका लागि गाउँपालिका सहयोग कार्यक्रम

त) सडकमा निर्माण खानेकुरा (Street food) विक्रिका लागि स्वास्थ्य मापदण्ड निर्धारण  कार्यक्रम

थ) निरन्तर उर्जा आपूर्ति  व्यवस्था र सवै घरमा सधैं वत्ति कार्यक्रम

द) इन्धन भण्डारणको सुरक्षित व्यवस्थापन

ध) युवा उद्यम विकास कार्यक्रम । वित्तीय पहुँच कार्यक्रम ।

### ५.२.३ भौतिक पूर्वाधार तथा यातायात विकास (Physical Infrastructure and Transportation Development)

क) उद्योग, वाणिज्य क्षेत्रसंगको साझेदारीता तथा समन्वयमा पर्यटन क्षेत्र निर्माणका लागि वाटो, विजुली, सुरक्षा संयन्त्र विस्तार कार्यक्रम

ख) राष्ट्रिय राजमार्गको अतिक्रमण रोकथाम र पैदल सडक सुधार कार्यक्रम

ग) गण्डिकी प्रदेशको क्षेत्रीय यातायात टर्मिलन व्यवस्थापन आयोजना

घ) वस्ती तथा वडाहरु जोड्ने पक्की रिङ्ग रोडको स्तरोन्नति

ङ.) नगर वसपार्क विकास आयोजना

च) बजार तथा वस्ती जोड्ने पुल निर्माण

छ) वृहत एकिकृत गोदाम क्षेत्र निर्माण आयोजना

ज) पालिका स्तरको स्टेडियम निर्माण कार्यक्रम

झ) वन्दिपुरको मौलिकता झल्काउने घर निर्माण

ञ) साहसिक खेलका लागी खुल्ला स्थान, पैदल मार्ग र पुर्वाधार विकास

ट) हिमाल तथा प्राकृतिक सुन्दरता अवलोकन स्थल, सिटीहल र टावरहरुको निर्माण

### ५.२.४ वस्ती विकास र व्यवस्थापन (Housing and Community Amenities)

क) नयाँ भवन निर्माण संहिता र न्युनतम मापदण्ड नियमन

ख) नयाँ वस्ती विकास आयोजना (सार्वजनिक-नीजि साझेदारितामा एकिकृत वस्ती विस्तार कार्यक्रम)

ग) पुराना वस्तीहरुको स्तरोन्नती कार्यक्रम (खानेपानी, ढल, वाटो, चोक तथा पार्क, विजुली, सामुदायिक भवन आदि)
घ) बाल उद्यान, जेष्ठनागरिक विश्राम केन्द्र, आवस गृह, सामुदायिक पुस्तकालय, पार्क विस्तार
ड.) सुकुम्वासी र न्युन आय हुने परिवारहरुका लागि आवास कार्यक्रम

### ५.२.५ भू-उपयोगका नीति ( Land Use Policy)

क) भूमिको स्वामित्वका आधारमा वर्गिकरण र सिमाना निर्धारण कार्यक्रम (ऐलानी, गुठी, रैकर र सरकारी जमिनको डिजिटल नक्सांकंन)
ख) जमिनको उत्पादकत्वको आधारमा भूमिको वर्गिकरण र क्षेत्र निर्धारण (कृषि क्षेत्र, वन क्षेत्र, औद्योगीक क्षेत्र, वजार क्षेत्र, आवास क्षेत्र, धार्मिक तथा साँस्कृतिक क्षेत्र, सार्वजनिक उपभोग वा पार्क वा उद्यान क्षेत्र, खानी क्षेत्र, नदि वा ताल क्षेत्र) नीति तथा कार्यक्रम
ग) कृषि क्षेत्रका लागि एकिकृत भूमि विकास कार्यक्रम
घ) आवास क्षेत्रका लागि एकिकृत भूमि विकास कार्यक्रम
ड.) औद्योगिक क्षेत्रका लागि एकिकृत भूमि विकास कार्यक्रम
च) सार्वजनिक उद्यान तथा पार्क, साप्ताहिक बजार क्षेत्र विकास कार्यक्रम
छ) पर्यटन तथा साँस्कृतिक क्षेत्र विकास (कृषि, वन, उद्योग क्षेत्र निर्धारण, प्राकृतिक स्रोत, सिंचाई, खानी व्यवस्थापन आदि )

### ५.२.६ स्वास्थ्य (Health)

क) हरेक वडास्तरमा कम्तीमा एक सामुदायिक स्वास्थ्य केन्द्रको स्थापना र सुत्केरी सेवा केन्द्रमा स्तरोन्नती कार्यक्रम र सुनौलो हजार दिन
ख) सवैका लागि स्वास्थ्य कार्यक्रम (शहरी घुम्ती स्वास्थ क्लिनिक समेत)
ग) स्वास्थ्य विमा कार्यक्रम
घ) निजी तथा सामुदायिक अस्पताल र नसिंङ्ग होम संचालन मापदण्ड निर्धारण तथा सेवा नियमावली निर्माण र अनुगमन
ड) जेष्ठनागरिक/ट्रमा विषेशज्ञता सहितको अस्पताल संचालन
च) एक आयुर्वेद कलेज सहित अस्पताल १५ सैयाको संचालन (थेरापी र प्राकृतिक उपचारमा केन्द्रित)
छ) अतिआवश्यक औषधि र खोपका लागि निरन्तर कोल्डचेन व्यवस्थापन (स्टोर सहित)

### ५.२.७ शिक्षा (Education)

क) गुणस्तरीय शिक्षाका लागि सहजिकरण र नियमनकारी संयन्त्र निमाण
ख) सामुदायिक र संस्थागत विद्यालयहरुको स्तरोन्नती कार्यक्रम
ग) सवैका लागि माध्यामिक स्तरसम्म अनिवार्य शिक्षा कार्यक्रम
घ) मातृ भाषामा संचालन हुने प्राथमिक स्कूल र मा.वि. स्कूलको संचालन
ड.) व्यवसायिक शिक्षा प्रवर्धन कार्यक्रम
च) प्राविधिक शिक्षा संचालन गुरुयोजना

### ५.२.८ वातावरणीय संरक्षण र विपद्व्यवस्थापन (Environmental Protection and Disaster Management)

क) सबैका लागि स्वच्छ र सफा खानेपानी तथा सरसफाई वृहत कार्यक्रम
ख) विपद् व्यवस्थापन गुरु योजना कार्यान्वयन कार्यक्रम
ग) तत्काल उद्धार र वारुण यन्त्र सेवा लगायत आपतकालिन सेवा कार्यक्रम
घ) सामुदायिक वन संरक्षण तथा व्यवसायिक व्यवस्थापन कार्यक्रम
ङ) सिमसार क्षेत्र संरक्षण तथा नदि नियन्त्रण कार्यक्रम

### ५.२.९ खेलकुद, मनोरंजन, सूचना, संचार, प्रविधि र सांस्कृतिक विकास (Sports, Entertainment, Information, Communication, Technology and Culture Development)

क) एक वडा एक कवर्ड हल निर्माण कार्यक्रम
ख) चिडिया केन्द्र विस्तार कार्यक्रम (संभाव्यता अध्ययन गरि कुनै एक सामुदायिक वनलाई स्तरोन्नती गर्ने)
ग) स्थानीय जातीय भाषिक साँस्कृति लगायतका कला, संस्कृति र अभ्यासका आधारमा म्युजियम निर्माण तथा व्यवस्थापन कार्यक्रम
घ) धार्मिक स्थल, मन्दिर, मठ, विहार लगायतका साँस्कृतिक केन्द्र तथा स्थल विकास कार्यक्रम
ङ) घाट, चिहान स्थल, किरियाघर लगायतका व्यवस्थापन कार्यक्रम
च) लोपोन्मुख भाषा, संस्कृति तथा साहित्य विकास कार्यक्रम
झ) साहित्य, कला, खेलकुद र नविनतम् श्रृजनाको प्रोत्साहन कार्यक्रम वा पुरस्कार कोष व्यवस्थापन कार्यक्रम

### ५.२.१० सामाजिक सुरक्षा क्षेत्र (Social Security/Protection Sector)

क) जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकका लागि आधारभुत स्वास्थ्य उपचार सहयोग कार्यक्रम
ख) हराएका, कुनै कारणवश सडक वालवालिकाका रुपमा वेवारिश भएका वालवालिकाका लागि न्यनतम् सुविधा सहितको अल्पकालिन संरक्षण केन्द्रको संचालन कार्यक्रम
ग) लैगिक तथा घरेलु हिंसा प्रभावित महिलाका लागि कानुनी प्रक्रिया संचालन हुँदाका समयमा आश्रयका लागि तत्काल सुरक्षा आवासको व्यवस्थापन कार्यक्रम
ङ) सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन र संचालन
च) सार्वजनिक जीवनमा ख्याति कमाएका नागरिकहरुका लागि सम्मान तथा वृति भरण कार्यक्रम
छ) गरिव, दलित, लोपोन्मुख तथा सामाजिक रुपमा अति पछाडि परेका समुदाय केन्द्रित विशेष कार्यक्रम र आरक्षण *(समावेशीकरण, लैगिंक तथा सामाजिक विभेद तथा हिंसा प्रवाहितको संरक्षण, सामाजिक सुरक्षा, बालबालिका, अपांगता र जेष्ठनागरिक आदि)*
ज) पुर्नस्थापना तथा सुधारगृह

# खण्ड छः अनुगमन, मूल्यांकन र सूचाँक

# (Monitoring, Evaluation and Indicators)

## ६.१ वित्त व्यस्थापन र परिचालन रणनीति (Financial Management and Mobilization Strategy)

क) प्रचलित ऐन कानून अनुसारको कर र शुल्क निर्धारण
ख) प्रदेश सरकारबाट प्राप्त अनुदान परिचालन
ग) संघीय सरकारबाट प्राप्त अनुदानमा साझेदारिता
घ) गैरसरकारी क्षेत्रमा प्राप्त सहयोग कार्यक्रम
ङ) दातृ निकायबाट प्राप्त अनुदान तथा ऋण
च) वचत तथा ऋण लगायतका सहकारी परिचालन
छ) वैंक तथा वित्तिय क्षेत्रसंगको साझेदारिता
ज) विप्रेषणको लगानी
झ) स्थानीय सरकारको आन्तरिक स्रोत

## ६.२ अनुगमन मूल्याँकन मापदण्डहरु (Standerds of Monitoring and Evaluation)

क) कार्यक्रमको प्रभाव मुल्यांकन
ख) ऐन, नीति र कार्यक्रम
ग) लक्ष्य निर्धारण र प्राप्त नतिजा लेखाजोखा
घ) बजेट र नतिजा
ङ) तथ्यांक व्यवस्थापन र अध्यावधिक सूचक

## सन्दर्भ सामाग्रीहरु (Reference Material)

**नेपाली भाषाका सन्दर्भ सामाग्रीहरुः**

– स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल ऐन संग्रह खण्ड १७, कानून किताब व्यवस्था समिति
– नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति
– वार्षिक कार्ययोजना, आ.व. २०७३/७४, बन्दिपुर गाउँपालिका
– प्रतिवेदनहरु राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग
– लगत प्रशोधन निर्देशिका, राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग
– राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
– बार्षिक गाउँविकास योजना तथा कार्यक्रम, आ.व. २०७४/७५ बन्दिपुर गाउँपालिका
– नेपाल मानव विकास प्रतिवेदन २००४, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम

**In English**
**Bibliography:**


- 7th National Development Plan 2017-2021, Vol. I, Ministry of National Development Planning, Zambia, 2017.
- A Unified Approach to Measuring Poverty and Inequality: Theory and Practice, World Bank, 2013.
- Classification of the Functions of Government (COFOG), United Nations Statistics Division.
- Community Development Strategy 2014-2017, Townsville City Council, Australia, 2013.
- Compendium of Environment Statistics, 2015, CBS
- Final Report: Multiple Indicator Cluster Survey 2014, CBS/UNICEF
- Hanbook on Geospatial Infratructure in Support of Census Activities, United Nations, New York 2009.
- Preparing a Master Plan for your Community, A Handbook for Planning Board Members, Planners and Volunteers, Prepared By Southern New Hampshire Planning Commission, June 2004.
- Questionnaire of Censuses and Survey of Nepal, 2012, CBS
- Rawanda Vision 2020, Ministry of Finance and Economic Planning, Republic of Rawanda, July 2000.
- Strategic Community Plan 2017-2037, City of Mandurah, Australia, 2016.
- Strategic Plan for Green City Initiative 2012-2016, Ilam Municipality.
- The Five Year Socio.economic Development Plan 2016-2020, Socialist Republic of Vietnam, 2016
- Transforming Fiji, 5-Year & 20-Year National Development Plan, Ministry of Economy, Republic of Fiji, Nov. 2017.
- Uganda Vision 2040, Ministry of Finance, Republic of Uganda, 2016.


## अनुसूचि खण्ड (Annex)

### अनुसूचि १. रणनीतिक योजना तर्जुमा प्रक्रियामा संलग्न सहभागीहरु

#### १. बन्दिपुर गाउँपालिकाका पदाधिकारीहरु

श्री पूर्णसिं थापा मगर -प्रमुख
श्री करुणा गुरुङ्ग -उपप्रमुख
श्री सुकदेव लम्साल -प्रमुख प्रशासकिय अधिकृत
श्री भानुभक्त पोखेल - वडा अध्यक्ष
श्री कृष्ण प्रसाद लामिछाने
श्री हस्त वहादुर जी.सि.
श्री हरेराम थापा

श्री ध्रुव प्रसाद लामिछाने
श्री सन्त वहादुर गुरुङ्ग

**२. दिर्घकालिन गुरुयोजना निर्माण समितिका पदाधिकारी**

**संयोजक** : श्री हेमराज लामिछाने (क्षितिज) (९८५६०२९०६२)

**सदस्य सचिव** : श्री मनोज बराल (९८४६०५५३८०)

**सदस्यहरु**

श्री शंकर बानिया (९८४६६३९०३६)
श्री सुरेन्द्र थापा (९८४६७२३७३९)
श्री टिकाराम गिरी (९८४६११७०७२)
श्री मनोहर भट्टराई (९८४६६४९४५०)
श्री सुदिन पौडेल (९८४७७८०७०४)
श्री प्रतिभा ढकाल (९८५१०७२७४९)
श्री बैस बहादुर गरुङ (९८४६१३४४०४)
श्री त्रिभूवन थापा (९८४६१४२९७४)
श्री रामहरी न्यौपाने (९८४६२१५९५५)
श्री शान्ति कुँवर (९८४६०९९२२३)
श्री इन्द्र ब. थापा (बिमल) ( )

५. ब्रोड भिजन रिसर्च सेन्टरको कार्य समूह

| क.स. | नाम | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १. | मिन बहादुर बस्नेत | टोली प्रमुख | रणनीतिक योजनाविद |
| २. | डा. रुद्र सुवाल | टोली सदस्य | तथ्यांकशास्त्री |
| ३. | बलराम दवाडी | टोली सदस्य | विकास अर्थशास्त्री |
| ४. | श्री जमुना थापा | टोली सदस्य | वातावरणविद् |
| ५. | ई. इशान सकुमी | टोली सदस्य | सिभिलइन्जिनियर |
| | सल्लाहकारहरु | | |
| ६. | श्री जीत बहादुर चौहान | | कानुन विज्ञ |
| ७. | श्री. राजेन्द्र प्रसाद नेपाल | | वित्तिय विज्ञ |
| ८. | डा. गजाधर खड्का | | कृषि वैज्ञानिक |

अनुसूचि ३ रणनीतिक पत्र निर्माण प्रक्रियाका केही फोटोहरु







## शब्दावली (Glossary)

**अनुसूचीः** संविधान, ऐन वा नियमको राखिएको सूची । अनुसूचीले संविधान तथा कानुनमा समावेश गरिएको अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका हुन्छन् । जस्तै, शक्ति वितरणको व्याख्या गर्ने सूची ।

**उच्च मानव विकासः** शारिरीक रुपमा स्वस्थ्य, आर्थिक रुपमा सक्रिय, शैक्षिक रुपमा क्षमतावान, भावनात्मक रुपमा स्वभिमान र सुसंस्कृत रुपमा विनयशिल मानवीय क्षमता युक्त मानव विकासको आवस्थालाई उच्चमानव विकास भनिन्छ ।

**अन्तरप्रादेशिक सम्बन्धः** अन्तरप्रादेशिक सम्बन्ध बहु-आयामिक विषय हो, किनकि यो द्वि-पक्षीय र बहु पक्षीय दुबै किसिमको हुन सक्छ । यसमा सहयोग तथा द्वन्द्व दुवै तत्वहरू विद्यमान हुन्छन् । द्वि-पक्षीयसरोकारका विषय, अन्तर प्रादेशिक व्यापार र व्यवसाय, प्राकृतिक स्रोतको सामूहिक उपयोग, वातावरण संरक्षण आदि विषयमा प्रदेशहरूबीचको आपसी सहयोग अपरिहार्य हुन्छ । केन्द्र-प्रदेश सम्बन्धले दैनिक प्रशासन र सङ्कट काल जस्तो विशेष परिस्थितिमा केन्द्र र प्रदेशबीच एक-आपसमा रहेको कर्तव्य र अधिकारलाई परिभाषित गर्दछ । विगतको संविधानसभाको राज्य पुनःसंरचना तथा राज्यशक्ति बाँडफाँड समितिले अन्तरप्रादेशिक सम्बन्ध आपसी सहयोग, समन्वय र सह-अस्तित्वमा आधारित सिद्धान्तबाट मार्गनिर्देशित हुने परिकल्पना गरेको थियो । यसले एक प्रदेशबाट अर्कोमा आवतजावत तथा सरसामग्रीको ढुवानीमा पूर्ण स्वतन्त्रता हुनुपर्ने प्रस्ताव गरेको थियो ।

**अन्तर्सरकारी सम्बन्धः** नीतिगत समन्वय र/वा साझा कार्यक्रमहरूसम्बन्धी सहमति प्राप्त गर्ने प्रयोजनका लागि अङ्गीभूत एकाइका सरकारहरूबीच वा सरकारका विभिन्न तहहरूबीचको सम्बन्ध ।

**अन्तर्सरकारी सहयोग/समन्वयः** साझा लक्ष्यहरू हासिल गर्न, सेवा उपलब्ध गराउन वा साझा समस्या हल गर्नका निम्ति दुई वा दुईभन्दा बढी सरकारबीचको प्रबन्ध । यसलाई सङ्घको सरकारका तहहरूबीचमा र ती तहहरूभित्र विद्यमान प्रशासनिक तथा नीति निर्माणको कार्यकारी सम्बन्धलाई धान्ने प्रबन्धहरूको सम्भार गर्ने कार्यका रूपमा पनि बुझ्न सकिन्छ जुन संविधानमा अन्तर्निहित हुनुपर्छ भन्ने छैन ।

**कानुनको शासनः** सबै व्यक्ति कानुनअन्तर्गत रहनुपर्ने र कानुनको अगाडि सबै सामाजिक स्तरका व्यक्ति समान हुन् भन्ने सिद्धान्त । शासकहरूलगायत समाजका प्रत्येक सदस्यले कानुनको सर्वोच्चतालाई स्वीकार गर्ने व्यवस्था नै कानुनको शासन हो । यसले कानुनको सर्वोच्चतालाई स्वीकार गर्ने कुरा सरकारका सबै तहहरूमा समान रूपले लागु हुने अर्थसमेत दिन्छ ।

**कुल गार्हस्थ्य उत्पादनः** कुनै देशको अर्थतन्त्रभित्र तोकिएको समयावधिमा उत्पादित वस्तु तथा सेवाहरूको कुल बजारमूल्य ।

**खर्चको उत्तरदायित्वः** विकेन्द्रित शासन प्रणालीमा सरकारका हरेक तहको उत्तरदायित्व । वस्तु तथा सेवाको आपूर्ति, प्रशासनिक सेवाको प्रभावकारी व्यवस्थापन, वित्तीय प्रबन्ध तथा सेवाको स्तरको व्यवस्थापन तथा सरकारी सेवाका नीति तथा प्रबन्धहरूको अनुगमनका लागि यस्तो उत्तरदायित्वको निर्धारण गरिएको हुन्छ । अधिकांश सङ्घीयसंविधानमा विधायिकी दायित्वहरूको किटान गरिएको हुन्छ जसले खर्चको उत्तरदायित्वलाई अप्रत्यक्ष रूपमा परिभाषित गरेका हुन्छन् । तर, केही सङ्घहरूले भने (विशेष गरी समवर्ती अधिकारहरू भएका सन्दर्भमा) कुन तहको सरकारले कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने कुरा संविधानमा नै स्पष्ट रूपमा उल्लेख गरेका हुन्छन् ।

**जवाफदेहिता:** कुनै कार्य तथा यसको परिणामको कारण तथा औचित्यका बारेमा सरोकारवाला, मतदाता वा विधायिकालाई व्याख्या गर्नुपर्ने अनिवार्यता । यसलाई पदबाहक र उनीहरूलाई नियुक्ति गर्ने, पदमुक्त गर्ने वा निर्वाचित गर्नेहरूबीचको औपचारिक सम्बन्धका रूपमा पनि बुझ्न सकिन्छ । उदाहरणका लागि, लोकतान्त्रिक सरकार आफ्ना मतदाताप्रति आवधिक निर्वाचनमार्फत् जवाफदेही हुन्छ ।

**महिला अधिकार:** महिलाका लागि विशेष रूपमा सुरक्षित अधिकारहरू नै महिला अधिकार हुन् । यी अधिकारहरू विश्वव्यापी मानव अधिकार अन्तर्गत पर्ने भएता पनि महिलाको शारीरिक अवस्था, समानता र सम्मानसँग जोडिएका हुन्छन्, उदाहरणका लागि, शारीरिक स्वायत्तता, घरेलु कामले मान्यता पाउने अधिकार, पैत्तृक सम्पत्तिको अधिकार, प्रजनन स्वास्थ्य तथा मातृत्वको अधिकार, विवाह गर्ने स्वतन्त्रता तथा अभिभावकत्वको मान्यता, वंशजको अधिकार, विभिन्न तहका सरकारमा जनसंख्याको अनुपातमा प्रतिनिधित्वको अधिकार आदि ।

**मूल्य अभिवृद्धि कर**: उत्पादित वस्तु तथा सेवाहरूको उत्पादन वा वितरणको प्रत्येक चरणमा भुक्तान गरिने अप्रत्यक्ष करको एउटा स्वरूप । यो कर प्रत्येक चरणमा थपिन आउने मूल्यमा आधारित हुन्छ र अन्तिम ग्राहकले खरिद गर्ने मूल्यमा समाविष्ट हुन्छ ।

**राजस्व हिस्सेदारी**: सरकारका तहहरूमा, स्थापित सूत्र वा प्रचलनअनुसार सामान्यतया सङ्घीय सरकारदेखि त्यसका अङ्गीभूत एकाइहरूसम्म राजस्व बाँडफाँड र साझेदारी गर्ने प्रबन्धहरू ।

**लोपोन्मुख, पिछडिएका समुदाय**: सीमान्तकृत समूहमा धार्मिक, जातीय तथा भाषिक अल्पसङ्ख्यक; जातीय भेदभावमा परेका मानिसहरु; शारीरिक अशक्तता भएका व्यक्तिहरु; युवा; आदिवाशी; दूर्गम भौगोलिक स्थानका बासिन्दा; र लैङ्गिक तथा यौनिक झुकाउका आधारमा विभेदमा परेका समुदायका व्यक्तिहरु पर्दछन् । र यसमा अति सीमान्तकृत तथा लोपोन्मुख, समुदाय पनि समावेश हुन्छ । नेपालमा राउटे र कुसुन्डा जातिलाई यस समूहमा वर्गीकृत गर्न सकिन्छ ।

**वित्तीय नीति:** वित्तीय नीति त्यस्तो माध्यम हो जसबाट कुनै पनि सरकारले राष्ट्रको अर्थतन्त्रलाई अनुगमन गर्ने तथा प्रभाव पार्ने उद्देश्यले आय तथा व्ययको स्तर (कर, खर्च, ऋण, घाटा, आदि) लाई समायोजन गर्ने गर्छ । सङ्घीयप्रणालीमा सङ्घीयसरकार र उसका अङ्गीभूत एकाइहरू दुवैले संवैधानिक वा अन्य प्रबन्ध तथा सर्तहरूको उपयोग गर्दै वित्त नीतिहरूको निर्माण र उपयोग गर्छन् ।

**वित्तीय अनुशासन:** सरकारको अत्यधिक वा निरन्तर बजेट घाटा वा ऋणबाट जोगिने कार्य । यसमा वित्तीय जिम्मेवारी वा सुढृढ वित्तीय व्यवस्था पनि पर्छ ।

**वित्तीय असन्तुलन:** वित्तीय असन्तुलन भन्नाले वित्तीय क्षमतामा भएको असन्तुलनलाई जनाउँछ अर्थात् सरकारको राजस्व उपार्जन गर्ने अधिकार र खर्च गर्न पाउने जिम्मेवारीको तुलनामा बच्न गएको वा अपुग भएको स्रोत । यस्तो अवस्था तब आउछ जब तोकिएको जिम्मेवारीले राजस्व उपार्जन गर्ने क्षमता र खर्चसम्बन्धी आवश्यकताबीच असमानता सिर्जना गर्छ । पहिलो संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँडसम्बन्धी समितिको मसौदा प्रतिवेदनले प्रस्ताव गरे अनुसार केन्द्र सरकारले प्रादेशिक र स्थानीय सरकारलाई खर्चको आवश्यकता, र राजस्व संकलनको क्षमता तथा प्रयत्नको आधारमा वित्तीय समता अनुदानको वितरण गर्नेछ । प्रादेशिक सरकारले केन्द्रीय सरकारबाट उपलब्ध भएका अनुदान र आफ्नो स्रोतबाट संकलित राजस्वबाट खर्चको आवश्यकता, र राजस्व संकलनको क्षमता तथा प्रयत्नको आधारमा, कानुनले निर्धारित गरेबमोजिम, स्थानीय सरकारहरूबीच वित्तीय समता अनुदान वितरण गर्नेछ

**वित्तीय अन्तरनिर्भरता**: सङ्घीयसंरचनाको शासन व्यवस्थामा एक तहको सरकारको नीतिगत निर्णयले अर्को तहको सरकारको नीतिगत प्रतिफललाई प्रभावित गर्दछ । वित्तीय अन्तरनिर्भरताले करको दर र आधार निर्धारण गर्ने तथा सरकारी सेवा प्रदान गर्ने सन्दर्भमा सरकारका विभिन्न तहहरूबीच हुने आपसी निर्भरताको गतिशीलतालाई बुझाउँछ । यसले सङ्घीय एकाइहरूको उच्चतम उपयोग गर्ने क्षमतालाई विरूपण गरी सरकारी सेवा प्रदान गर्ने योजनालाई प्रभावित गर्दछ । उदाहरणका लागि, पहिलो संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँडसम्बन्धी समितिको मसौदा प्रतिवेदनले कुनै प्रादेशिक सरकारले उसको क्षेत्राधिकारअन्तर्गत कर निर्धारण गर्दा राष्ट्रिय आर्थिक नीतिलगायत वस्तु, पुँजी, सेवा र श्रमको प्रवाह तथा छिमेकी प्रदेशको हित प्रतिकूल हुने गरी गर्न नपाइने व्यवस्था गरेको छ ।

**वित्तीय सङ्घीयता**: सङ्घीय प्रणाली अन्तर्गत कर उठाउने, खर्च गर्ने, नियमन गर्ने, ऋण लिने तथा विभिन्न तहका सरकारबीच अन्तर सरकारी सरुवासम्बन्धी व्यवस्था र अभ्यास ।

**विशेष अधिकार**: विशेष अधिकार विशेष रूपमा पहिचान गरिएका समुदायहरूलाई मात्र प्रदान गरिने पृथक अधिकारहरू हुन् । विशेष अधिकारको लक्ष्य त्यस्ता समुदायहरूलाई आरक्षण, सकारात्मक पहल र अन्य उपायहरूको व्यवस्थामार्फत विशेष अवसर तथा लाभहरू प्रदान गरी समूहगत असमानताको अन्त गर्नु हो ।

**समावेशी लोकतन्त्र**: समावेशी लोकतन्त्रको सिद्धान्तले राज्यका सबै तहको संयन्त्रमा विभिन्न जातजाति, भाषा, संस्कृति, धर्म, लिङ्ग र क्षेत्रका जनताको प्रतिनिधित्व र सहभागिताको पक्षपोषण गर्दछ । यसले जातजाति, भाषा, संस्कृति, धर्म, लिङ्ग र क्षेत्रका आधारमा बहिष्करणमा परेका जनताको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न खोज्दछ ।

**सम्पत्ति कर**: सम्पत्तिमा लगाइने कर । यस्तो कर प्रायः स्थानीय सरकारहरूद्वारा मूल्याङ्कन गरिएको सम्पत्तिका मूल्यहरूमाथि तोकिन्छ । यस्तो कर सामान्यतः भवन र जमिनका सन्दर्भमा लागु हुन्छ ।

**सहमतीय लोकतन्त्र**: त्यस्तो लोकतन्त्र जसले जित्ने (अर्थात् बहुमत प्राप्त गर्ने) दललाई सबै शक्ति हासिल गर्न दिँदैन र अल्पसङ्ख्यकलाई पनि सत्तामा साझेदारी गराउँने अवसर प्रदान गर्छ । यस प्रणालीमा प्रायः सबै निर्णयहरू केवल बहुमतप्राप्त दलको आकाङ्क्षाका आधारमा मात्र नभई सबैको सहभागिता र सम्मतिबाट गरिन्छ । स्विट्रजरल्यान्डमा सहमतीय लोकतन्त्रको प्रयोग भएको पाइन्छ ।

**सङ्घीयता**: संघीयता भन्नाले एक बृहत् प्रकारको राजनीतिक प्रणालीलाई जनाउँछ जसमा एकात्मक प्रणालीको जस्तो राजनीतिक तथा कानुनी अधिकारको एकल तथा केन्द्रीकृत स्रोतको विपरित दुई वा सोभन्दा बढी सरकारका तहहरू संविधानमार्फत् स्थापित भएका हुन्छन् । यस प्रणालीमा सरकारका हरेक तहहरू प्रत्यक्ष निर्वाचनमार्फत् गठन भएका हुन्छन् भने अधिकारको बाँडफाँडका आधारमा हरेक तहको सरकारलाई अर्को तहबाट केही स्वायत्तता प्राप्त हुन्छ । संघीय प्रणालीभित्र साझा सरकारको प्रबन्धका माध्यमद्वारा सत्ता साझेदारी (सहकार्यको सम्बन्ध) र एकाइका सरकारहरूलाई क्षेत्रीय स्वशासन (अङ्गीभूत एकाइको स्वायत्तता) का तत्वहरू समावेश हुन्छन् ।

**सहरी क्षेत्र**: कम्तीमा पनि एउटा ठूलो नगर, त्यसको उपनगर, परिधिस्थल तथा प्रभावक्षेत्र रहेको सहरी प्रशासनिक वा विकासक्षेत्र, जसलाई योजना तर्जुमा गर्ने प्रयोजनका निम्ति एउटा एकाइ मान्न सकिन्छ ।

**साझा शासन**: अङ्गीभूत एकाइहरूले निश्चित विषयहरूमा साझा संस्थाहरूद्वारा गरिने शासनको अभ्यास । सङ्घहरूमा यो प्रबन्ध खास गरेर केन्द्रीय तहको निर्णय गर्ने प्रक्रियामा प्रादेशिक एकाइहरूको सहभागिता सुनिश्चित गर्न प्रयोग गरिन्छ । यो कार्य संसद्को उपल्लो सदनमा एकाइहरूको प्रतिनिधित्वको आधारमा सम्पन्न गरिन्छ ।